जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ९७ • २०८३ साल भाद्र ९ गते मंगलबार (25 August, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमतको दोस्रो महाधिवेशनको मिति तय



टुडे समाचारदाता

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पराजय भोगेको लामोसमयपछि डा. चन्द्रकान्त राउत नेतृत्वको जनमत पार्टीको दोस्रो महाधिवेशनको चाजोपाजोमा जुटेको छ ।

दोश्रो महाधिवेशनको मिति तय भएको जनाउँदै भदौसम्ममा सदस्यता नवीकरणका लागि समेत आह्वान गरिएको छ ।

सोमबार बसेको सचिवालय बैठकबाट असोजको ९ र १० गते दोश्रो महाधिवेशन गर्ने निर्णय गरेको सचिव अनिताकुमारी मण्डलले जानकारी दिइन् ।

सो बैठकले भदौ २१ गतेभित्र पार्टीको सम्पूर्ण वडा तथा पालिका अधिवेशनको विवरण केन्द्रमा पठाउन निर्देशन दिएको छ ।

भदौ मसान्तसम्म कायम रहेका सबै सदस्यलाई क्रियाशील सदस्यता कायम गर्ने र सदस्यता नवीकरण भएको अवस्थामा मात्रै महाधिवेशन प्रतिनिधि तथा उम्मेदवार बन्न पाइने निर्णय गरेको छ । सदस्यता नवीकरण नगर्नेलाई उम्मेदवार बन्न नदिने निर्णय गरिएको उनले बताइन् ।

महाधिवेशनको तयारीबारे थप निर्णय गर्नको लागि भदौ २२ गते सचिवालय बैठक समेत बस्ने उनले बताइन् ।

### नौ वर्षपछि पीडितले पाए न्याय

# बलात्कार मेडिकल रिपोर्ट मुद्दामा डा. सिंह र गोइतलाई ३ महिना कैद सजाय

टुडे समाचारदाता

जनकपुरधाम । यौनजन्य अपराध बलात्कार सम्बन्धी घटनामा स्वास्थ्य परिक्षणको गलत रिपोर्ट दिने जनकपुरधामका चिकित्सकद्धय डा. विजयकुमार सिंह र डा. रम्भा गोइतलाई कैद सजाय तथा जरिवानाको फैसला गरिएको छ ।

आठ वर्ष पुरानो धनुषाको जनकनन्दनी गाउँपालिका-२ खजुरीको एक १२ वर्षीया बालिकाको बलात्कार घटनामा चिकित्सकद्धय सिंह र गोइतले बलात्कार नभएको भन्ने गलत मेडिकल रिपोर्ट तयार पारेको ठहर गर्दै उच्च अदालत जनकपुरधामले ३ महिना कैद सजाय र २० हजार रुपैयाँ जरिवाना तोकेको छ ।

डा. सिंह र डा. गोइतले तयार पारेको संयुक्त प्रतिवेदनमा बलात्कार भएको जस्तो कुनै लक्षण र पहिचान नदेखिएको भनिएको थियो । पिडित पक्षको असन्तुष्टिपछि अनुसन्धानमा खटिएका ईलाका प्रहरी कार्यालय खजुरीले जिल्ला अस्पताल सिरहामा पुन स्वास्थ्य चेकजाँच गराउँदा मेडिकल रिपोर्टमा बलात्कार भएको देखिएको थियो ।

दुई फरक फरक रिपोर्ट आएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी मुद्दा विशेष अदालतमा दायर गरियो भने फौजदारी मुद्दा भएकाले नेपाल सरकारको तर्फबाट जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो ।

जिल्ला अदालतले विवादास्पद रिपोर्टले गर्दा उनीहरुलाई पुर्पक्षका लागि थुनामा जलेश्वर कारागारमा पठाएको थियो । तर २०/२० हजार रुपैयाँको दरले धरौटी बुझाएर उनीहरु दुईदिन मात्र थुनामा बसेर हाजिरी जमानीमा रिहा भएको थियो । सो क्रममा नेपाल मेडिकल काउन्सिलका चिकित्सक सिंह खत्रीको नेतृत्वमा छानबिन समितिले समेत बलात्कार भएको पुष्टि गर्दै चिकित्सकद्धय सिंह र गोइतलाई चिकित्सकीय व्यवसायिक पेशामा रोक समेत लगाएको थियो ।

काउन्सिलको छानबिन प्रतिवेदन, सिरहा जिल्ला अस्पतालको प्रतिवेदनको आधार मानेर विशेष अदालतले





६ महिना कैद सजाय र २५ हजार रुपैया जरिवाना तोकेको थियो । विशेष अदालतको फैसलामा चित नबुझेपछि उच्च अदालतमा आरोपित चिकित्सक सिंह र गोइतले पुनरावेदन गरेका थिए ।

सोही मुद्दामा असार १८ गते उच्च अदालतका न्यायाधिशद्वय हरिप्रसाद फुयाल र मेघराज पोखरेलको संयुक्त इजलासले मुद्दाको टुँगो लगाउँदै विशेष अदालतको फैसलामा उल्टफेर गरी गरी तीन/तीन महिना कैद र जनही २० हजार रुपैयाँ जरिवाना गरेको हो ।

फैसलाअनुसार उनीहरूलाई लागेको कैद सजायमध्ये यसअघि थुनामा बसेको दुईदिन अवधि कट्टा गरी बाँकी कैद असुल गर्न सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनसमेत आदेश दिइएको छ । प्रतिवादी चिकित्सकहरू पुर्पक्षको क्रममा विशेष अदालतको आदेशानुसार माग गरिएको धरौटी रकम २० हजार रुपैयाँ आम्दानी बाँधेकोमा सोही धरौटी रकमबाट जरिवाना वापतको रकम असुल गर्न फैसलामा भनिएको छ ।

त्यसैगरी, पुनरावेदनका क्रममा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम सुविधा प्राप्त गरी कैद तथा नपुगेको जरिवानाबापत राखिएको जनही ५९ हजार रुपैयाँ नगद धरौटी कैद सजाय पुरा भइसके पश्चात कानुनी म्यादभित्र फिर्ता माग भए प्रमाणसहित फिर्ता दिन आदेश गरिएको छ ।

चिकित्सकलाई सजाय र जरिवानाको फैसलासंगै चिकित्सकीय कानुनी व्यवस्था प्रणालीमाथि समेत प्रश्न उठाइएका छ । नेपालको चिकित्सा-कानूनी प्रणालीलाई स्वास्थ्य प्रणालीकै महत्वपूर्ण अंगका रूपमा संस्थागत र व्यवस्थित गर्नुपर्ने आवश्यकता समेत औंल्याइएको छ ।

चिकित्सकीय क्षेत्रको कानुनी व्यवस्था तथा प्रणालीमा प्रश्न उठाउँदै अदालतले यसको सुधारका लागि मधेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगलाई सुधारात्मक ५ बुँदे निर्देशन समेत दिएको छ ।

फौजदारी न्याय प्रणालीसँग सम्बन्धित चिकित्सा-कानूनी परीक्षण तथा प्रतिवेदनको विश्वसनीयता, गुणस्तर र एकरूपता सुनिश्चित गर्न चिकित्सा कानूनी क्षेत्रलाई संस्थागत रूपमा विकास, सुदृढीकरण र व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ ।

चिकित्सा शिक्षाको पाठ्यक्रममा चिकित्सा-कानूनी तथा विधि विज्ञान (फोरेनसिक मेडिसिन) सम्बन्धी विषयवस्तुलाई विकसित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून अभ्यास र आवश्यकता अनुसार समावेश तथा परिमार्जन तथा कार्यान्वयन, चिकित्सा-कानूनी तथा विधि विज्ञानसम्बन्धी आवश्यक विशेषज्ञ जनशक्ति उत्पादन, विकास र व्यवस्थापन गर्न पनि निर्देशन दिएको छ ।

यसका साथै ती व्यवस्थापन गर्न विशेष तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन र त्यसका आवश्यक संरचना, कानूनी व्यवस्था, बजेट, मानव स्रोत, कार्यान्वयन तथा अनुगमनको प्रबन्ध गर्न भनेको छ ।

यौनजन्य अपराधबाट पिडीत हेयमेन (योनिच्छद) तथा अन्य शारिरीक परिक्षण गर्दा प्रचलित कानून चिकित्सकीय आचारसंहिता, सूचित सहमतिको सिद्धान्त, वैज्ञानिक रुपमा आवश्यक र औचित्य पुष्टि भएका परिक्षणहरुको अवलम्बन पीडितको गरिमामा प्रतिकूल असर नपर्ने गरी परीक्षण वा प्रक्रिया अवलम्बन गर्न निर्देशन समेत दिएको छ ।

यी बाहेक चिकित्सा कानुनी परीक्षण, प्रमाण संकलन, अभिलेखीकरण, प्रतिवेदन तयारी, संरक्षण तथा अदालतमा विशेषज्ञसाक्षी प्रस्तुत गर्ने प्रक्रिया सम्बन्धी आवश्यक मानक सञ्चालन कार्यविधि र निर्देशिका तथा प्रोटोकोल्स अपना निर्देशन पनि दिएको छ ।

# भारतमा ई-२० विवादबीच नेपालमा ई-१० पेट्रोल कति सुरक्षित ?

टुडे समाचारदाता

जनकपुरधाम । भारतमा २० प्रतिशत इथानोल मिश्रित पेट्रोल (ई-२०) प्रयोगलाई लिएर सवारीधनीबाट गुनासो र आलोचना बढिरहेका बेला नेपालले भने पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिसाउने तयारी अघि बढाएको छ । भारतको अनुभवका कारण नेपाली उपभोक्तामा पनि इथानोल मिश्रित पेट्रोलले इन्जिन, माइलेज र मर्मत खर्चमा असर पार्ने हो कि भन्ने चासो बढेको छ । तर विज्ञहरूका अनुसार भारतको ई-२० र नेपालमा प्रस्तावित ई-१० लाई एउटै दृष्टिले हेर्न मिल्दैन ।

इथानोल कृषि तथा जैविक पदार्थबाट उत्पादन हुने जैविक इन्धन हो । ऊखुको खुदो (मोलासेस), मकै, कृषि अवशेषलगायत स्रोतबाट उत्पादन हुने इथानोललाई पेट्रोलमा मिसाएर प्रयोग गर्दा पेट्रोलियम पदार्थको आयात घटाउनुका साथै हरितगृह ग्यास उत्सर्जन कम गर्ने र स्वदेशी कृषि तथा उद्योगलाई प्रोत्साहन गर्ने अपेक्षा गरिन्छ । ब्राजिल, अमेरिका, थाइल्यान्ड र भारतलगायत देशमा यसको प्रयोग हुँदै आएको छ ।

नेपाल सरकारले पनि यही उद्देश्यसहित पेट्रोलमा इथानोल मिश्रणको नीति अघि बढाएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्ले २१ पुस २०८२ मा 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' स्वीकृत गरेको थियो । २८ फागुन २०८२ मा राजपत्रमा प्रकाशित भएपछि आदेश कार्यान्वयनमा ल्याएको छ । आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताको आधारमा प्रतिलिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिसाउन सक्नेछ । आवश्यकताअनुसार भविष्यमा मिश्रणको मात्रा परिवर्तन गर्न सकिने व्यवस्था पनि छ ।

भारतमा भने ई-२० लाई लिएर पछिल्लो समय विवाद चुलिएको छ । सन् २०२६ को अप्रिलदेखि ई-२० लाई मानक पेट्रोलका रूपमा लागू गरिएपछि केही सवारीधनीले माइलेज घटेको, इन्जिनको कार्यक्षमता कमजोर भएको र पुराना सवारीसाधनमा समस्या देखिएको गुनासो गरेका छन् । नयाँदिल्लीमा नीतिको विरोधमा प्रदर्शनसमेत भएको छ । यद्यपि भारत सरकार र प्रमुख सवारी उत्पादकहरूले ई-२० व्यापक परीक्षणपछि लागू गरिएको र यसले इन्जिनमा गम्भीर क्षति नगर्ने दाबी गरेका छन् ।

सवारी उत्पादकहरूले भने इथानोलको ऊर्जा क्षमता पेट्रोलको तुलनामा कम भएकाले माइलेजमा केही कमी आउन सक्ने स्वीकार गरेका छन् । मारुति सुजुकीका अधिकारी राहुल भारतीले लाखौं पुराना सवारीसाधनको परीक्षण गर्दा इथानोलकै कारण ठूलो समस्या देखिएको प्रमाण नभेटिएको जिकिर गरे । कम्पनीहरूका अनुसार माइलेज करिब ३ देखि ३.५ प्रतिशतसम्म घट्न सक्छ, यद्यपि केही स्वतन्त्र विज्ञले वास्तविक प्रभाव फरक हुन सक्ने बताएका छन् ।




भारतमा देखिएको विवादको एउटा प्रमुख कारण ई-२० मा पुग्ने गति पनि छ । ब्राजिलजस्ता देशले लामो समय लगाएर इथानोल मिश्रण क्रमशः बढाएका थिए । भारतले पनि ई-१० हुँदै ई-२० सम्म पुगेको भए पनि सन् २०२३ भन्दा अघि उत्पादन भएका कतिपय सवारीसाधन ई-२० का लागि पूर्ण रूपमा अनुकूल नभएको दाबी गरिएको छ । त्यसैले सवारीको निर्माण वर्ष, इञ्जिन डिजाइन र निर्माताको सिफारिसले इथानोल मिश्रित पेट्रोलको प्रभाव निर्धारण गर्ने देखिन्छ ।


नेपालका पूर्वसहसचिव शिवराम सुवेदीले १० प्रतिशतसम्म इथानोल मिश्रित पेट्रोल अधिकांश पेट्रोल इञ्जिनका लागि सामान्यतया सुरक्षित रहेको दाबी गरे । उनले अन्तर्राष्ट्रिय अध्ययनले पनि ई-१० लाई अधिकांश पेट्रोल इन्जिनमा प्रयोग गर्न सकिने बताए । नेपालले तत्काल ई-२० लागू गर्ने नभएकाले भारतको पछिल्लो विवादलाई जस्ताको तस्तै नेपालसँग तुलना गर्न नमिल्ने उनले बताए ।

तर नेपालले पनि पर्याप्त सावधानी अपनाउनुपर्ने देखिन्छ । नेपालमा इथानोल मिश्रित पेट्रोलले सवारीसाधनमा पार्ने प्रभावबारे आफ्नै व्यवहारिक अध्ययन अझै भएको छैन । त्यसैले अन्तर्राष्ट्रिय अध्ययन र भारतको अनुभवमा मात्र निर्भर नभइ नेपाली सडक, मौसम, सवारीको उमेर र इन्धन प्रणालीलाई ध्यानमा राखेर परीक्षण गर्नु आवश्यक छ ।


नेपाल गुणस्तर तथा नापतौल विभागले पेट्रोलमा मिसाउन प्रयोग हुने इथानोलको गुणस्तरसम्बन्धी मापदण्डको मस्यौदा सार्वजनिक टिप्पणीका लागि ल्याएको छ । प्रस्तावित मापदण्डअनुसार इथानोल कम्तीमा ९९.५ प्रतिशत शुद्ध हुनुपर्नेछ । यसमा इञ्जिन, रबरका पाइप तथा इन्धन प्रणालीमा क्षति पुऱ्याउन सक्ने मिथानोल, टर्पेन्टाइन, किटोन्स र टारजस्ता पदार्थलाई डिनेचुरेन्टका रूपमा प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ। इथानोल सुरक्षित, सुक्खा र चुहावट नहुने ट्यांकी वा ड्रममा भण्डारण गर्नुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

विभागका प्रवक्ता प्रभातकुमार सिंहले इथानोलको गुणस्तरसम्बन्धी मापदण्ड र पेट्रोलमा कति प्रतिशत इथानोल मिसाउने भन्ने नीति अलग विषय भएको स्पष्ट पारेका छन् । अहिले सार्वजनिक गरिएको मस्यौदा शुद्ध इथानोलको गुणस्तर निर्धारणसँग सम्बन्धित हो ।

नेपाल आयल निगमले पनि हतारमा मिश्रण सुरु नगर्ने जनाएको छ । निगमले इथानोल आपूर्ति नियमित र पर्याप्त भएपछि मात्रै मिश्रण शुरु गरिने जनाएको छ । ई-१० पूर्ण रूपमा लागू गर्न दैनिक करिब २ लाख ३० हजारदेखि २ लाख ५० हजार लिटर इथानोल आवश्यक पर्ने भएकाले निरन्तर आपूर्ति सुनिश्चित गर्नु मुख्य चुनौती हो । इथानोल आपूर्तिका लागि आठ कम्पनीले रुची देखाइसकेका छन् ।



# गोसाइँकुण्ड मेला तयारी पूरा, निर्धक्क भएर यात्रा गर्न अनुरोध



रसुवा । जनैपूर्णिमा दिन गोसाइँकुण्ड मेला भर्न आउने भक्तजनको स्वास्थ्य, सुरक्षा, खानपान-बसाइलगायत सम्पूर्ण तयारी पूरा भएको छ ।

लाङ्टाङ राष्ट्रिय निकुञ्जको अगुवाइमा गठित ११ वटा उपसमितिको तर्फबाट आआफ्नो जिम्मेवारी पूरा गरी भक्तजनको धार्मिक यात्रालाई अघिल्ला वर्षहरूको भन्दा सहज, सुरक्षित र सफल बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यसैसन्दर्भमा गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङले मौसममा आउने प्रतिकूलतालाई ख्याल गरी निर्धक्क भई आउन अनुरोध गर्दै यात्राका क्रममा असहज परिस्थिति सिर्जना भए आवश्यकताअनुसार सवारीसाधन र त्यसबाट नभए हेलिकप्टरसमेत प्रयोग गरी निःशुल्क रुपमा बिरामीको उद्धार गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हिमालय उद्धार सङ्घ, नेपालका कार्यकारी निर्देशक गोविन्द बत्स्यालले समुद्र सतहदेखि चार हजार ३८० मिटरको उचाइमा रहेको गोसाइँकुण्डमा यात्राका क्रममा भक्तजनलाई लेक लाग्ने तथा अन्य स्वास्थ्य समस्या देखिन सक्ने भएकाले आवश्यकताअनुसार विभिन्न ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार आइतबार मध्याह्नदेखि सञ्चालनमा आएको स्वास्थ्य शिविर भदौ १३ गतेसम्म सञ्चालन हुनेछ । शिविरमा आवश्यक औषधि तथा अक्सिजनसहित छ जना चिकित्सक र हिमालय उद्धार सङ्घका प्रतिनिधिका रूपमा प्रकाश खत्रीलाई खटाइएको छ ।

यसैबीच गोसाइँकुण्ड यात्रालाई सुरक्षित बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसमेतका सुरक्षा निकायलाई आवश्यकताअनुसार परिचालन गरिएको रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले स्पष्ट गर्नुभएको छ । सामाजिक सञ्जालमा देखाइए जस्तो गोसाइँकुण्ड जाने बाटोका कुनै पनि स्थानमा अहिले असहज अवस्था नरहेको र भारी वर्षाका कारण खसेका पहिरोसमेत तत्काल हटाउने काम भइरहेको प्रजिअ परियारले जानकारी दिनुभयो । यद्यपि यात्राका क्रममा भौगर्भिक अवस्थालाई ध्यानमा राख्दै सम्भावित जोखिम न्यूनीकरण गरेर मात्र अघि बढ्न सम्बद्ध सबैसँग उहाँको सुझाव छ ।

गोसाइँकुण्ड यात्राका क्रममा स्वास्थ्य, सुरक्षा एवं विरामी परेमा सुरक्षाकर्मीद्वारा उद्धारसमेतका व्यवस्थापन मिलाइ सकिएकाले निर्धक्क भएर यात्रा गर्नसमेत प्रजिअ परियारले सबैसँग अनुरोध गर्नुभएको छ । रासस

# विज्ञापनको बजार स्वच्छ र पारदर्शी बनाउन सरकार प्रतिबद्धः सञ्चारमन्त्री

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपालको विज्ञापन बजारलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र व्यावसायिक बनाउन सरकारले समग्र विज्ञापन चक्र सुधार गर्ने गरी काम गरिरहेको बताउनुभएको छ ।

सञ्चारमन्त्री डा तिमिल्सिनासँग सोमबार यहाँ राष्ट्रिय विज्ञापन सङ्घ नेपालका पदाधिकारीले गर्नुभएको भेटमा उहाँले विगतमा सरकारी विज्ञापन वितरणमा आर्थिक अनियमितता देखिएको विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको बताउनुभयो । अब सरकारी विज्ञापन वितरणमा त्यस्ता समस्या दोहोरिन नदिन विज्ञापन चक्रसँग जोडिएका सबै पक्षले आफ्नो जिम्मेवारी पारदर्शी र व्यावसायिक ढङ्गले निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले केही समयअघि मात्रै राष्ट्रिय विज्ञापन नीति जारी भएको उल्लेख गर्दै विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी बनाउन नीतिगत सुधारलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने बताउनुभयो । विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम, नियामक निकाय तथा उपभोक्तासहित विज्ञापन बजारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका सबै पक्षको भूमिका महत्त्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो ।



मन्त्री तिमिल्सिनाले पछिल्ला वर्षमा डिजिटल माध्यमको तीव्र विकाससँगै विज्ञापन गर्ने शैली र विज्ञापनका उपभोक्ताको व्यवहारमा समेत ठूलो परिवर्तन आएको बताउनुभयो । विगतमा प्रयोग हुँदै आएका परम्परागत विज्ञापनका तरिका मात्रै पर्याप्त नहुने भन्दै उहाँले प्रविधिको विकास र बदलिँदो उपभोक्ता व्यवहारअनुसार विज्ञापन बजारलाई नयाँ ढङ्गले अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपालको सञ्चार तथा विज्ञापन क्षेत्रलाई सिर्जनात्मक, प्रतिस्पर्धी र व्यावसायिक बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो । विज्ञापन क्षेत्रको विकासले सञ्चारमाध्यमको आर्थिक आधार बलियो बनाउनुका साथै रोजगारी सिर्जना र व्यवसाय प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने भएकाले यसलाई व्यवस्थित र मर्यादित बनाउनुपर्ने उहाँको भनाइ छ ।

भेटका क्रममा राष्ट्रिय विज्ञापन सङ्घ नेपालले कोभिड-१९ महामारीपछि नेपालको अर्थतन्त्रसँगै विज्ञापन व्यवसाय पनि प्रभावित भएको उल्लेख गर्दै विज्ञापन बजार र विज्ञापन एजेन्सीले भोगिरहेका समस्या तथा कानुनी र नीतिगत विषयमा मन्त्रालयको ध्यानाकर्षण गराएको थियो ।

विज्ञापन एजेन्सी सरकार, सञ्चारमाध्यम, विज्ञापनदाता र उपभोक्ताबीचको महत्त्वपूर्ण सेतुका रूपमा काम गर्दै आएको उल्लेख गर्दै सङ्घले यस क्षेत्रले हजारौँ रोजगारी सिर्जना गर्नुका साथै व्यापार तथा व्यवसाय प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्याएको जनाएको छ । रासस

## श्रममन्त्री यादवसँग राजदूत शामसीको भेट



काठमाण्डु । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवसँग नेपालका लागि संयुक्त अरब इमिरेट्स (युएई) का राजदूत अब्दुल्ला सइद मुबारक जारवान अल शामसीले आज शिष्टाचार भेट गर्नुभएको छ ।

सिंहदरवारस्थित मन्त्रालयमा भएको भेटमा उहाँहरुबीच दुई देशबीचका द्विपक्षीय श्रमसम्बन्धी समझदारी तथा सहमतिको प्रभावकारी कार्यान्वयनका लागि संयुक्त कार्य समूहको बैठक शीघ्र आयोजना गर्ने सहमति भएको छ ।

भेटमा मन्त्री यादवले नेपाली श्रमिकलाई प्रहरी चारित्रिक प्रमाणपत्रसम्बन्धी दोहोरो प्रक्रिया पूरा गर्न व्यवस्थालाई सरल र सहज हुन आवश्यक रहेको बताउनुभयो । त्यस अवसरमा राजदूत शामसीले नेपाली श्रमिकको हकहित र अधिकारका विषयमा युएई निरन्तर छलफल र समन्वय गरिरहेको बताउनुभएको मन्त्री यादवको सचिवालयले जनाएको छ । रासस

# स्वीस सरकारबाट नेपालको 'टिभेट' सुधारमा निरन्तर सहयोगको प्रतिबद्धता



काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र नेपालका लागि स्विट्जरल्याण्डका कार्यवाहक राजदूत माथीयास मायरबीच नेपालको शिक्षा क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ । सिंहदरबारस्थित मन्त्रालयमा आज भएको शिष्टाचार भेटवार्तामा नेपाल-स्विट्जरल्याण्डबीचको लामो समयदेखिको सम्बन्ध, शिक्षा क्षेत्रमा भइरहेको सहकार्य तथा आगामी दिनमा सहकार्य गर्न सकिने क्षेत्रबारे छलफल भएको हो ।

भेटमा मन्त्री पोखरेलले नेपालको शिक्षा क्षेत्रमा स्वीस सरकारले लामो समयदेखि गर्दै आएको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (टिभेट) क्षेत्रको सुधारलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो ।

मन्त्री पोखरेलले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी ऐन अहिले छलफलको क्रममा रहेको जानकारी दिँदै टिभेट क्षेत्रमा सुशासनसहित सुधारका लागि सबै सरोकार भएका निकायसँग निरन्तर छलफल गरेर अघि बढ्ने बताउनुभयो । टिभेट क्षेत्रको व्यवस्थापन र सुशासनमा सुधारसँगै दक्ष जनशक्ति विकासलाई पनि जोड दिइने भन्दै उहाँले यसका लागि स्वीस सरकारसँग थप सहकार्यको आवश्यकता औँल्याउनुभयो ।

कार्यवाहक राजदूत मायरले नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रमा स्विस सरकारले लामो समयदेखि सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । राजदूत मायरले टिभेट क्षेत्रको सुधारका लागि उद्योग र तालिम प्रदायकबीच प्रभावकारी सम्बन्ध तथा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको उल्लेख गर्नुभयो ।

नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नीति निर्माण तुलनात्मक रूपमा प्रभावकारी रहेका उल्लेख गर्दै उहाँले यससम्बन्धी तथ्याङ्कसमेत आफूसँग उपलब्ध रहेकाले आगामी दिनमा थप सुधार हुनेमा विश्वास व्यक्त गर्नुभयो । रासस

# सुरक्षा, स्वास्थ्य र सुशासनका विषयमा सांसदद्वारा सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले बालबालिकाको सुरक्षा, स्वास्थ्य सेवा, चुरे संरक्षण, श्रमिकको बिमा, मानसिक स्वास्थ्य तथा सुशासनलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकको विशेष समयमा सांसद राजन गौतमले पछिल्लो समय बालिका तथा छोरी असुरक्षित बन्दै गएका भन्दै बालबालिकाको सुरक्षामा विशेष पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले बालबालिकामाथि हुने हिंसा र अपराध नियन्त्रणका लागि राज्यले प्रभावकारी सुरक्षा व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद गीताकुमारी सेन्दाङले हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । वातावरण संरक्षणसँगै आर्थिक विकासलाई अघि बढाउन हरित अर्थतन्त्रको अवधारणालाई व्यवहारमा लागू गर्नुपर्ने उहाँको भनाइ छ ।

सांसद रमेशकुमार मल्लले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको बिमा सुनिश्चित गर्नुपर्ने माग गर्नुभयो । अनौपचारिक क्षेत्रमा ठूलो सङ्ख्यामा श्रमिक कार्यरत रहे पनि उनीहरू सामाजिक सुरक्षा र बिमाको पहुँचबाट बाहिर रहेका भन्दै राज्यले आवश्यक व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो ।

सांसद रुकेश रञ्जितले सार्वजनिक सम्पत्ति हडप्ने तथा दुरुपयोग गर्ने व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गर्नुभयो । सार्वजनिक सम्पत्तिको संरक्षणका लागि राज्यले प्रभावकारी अनुगमन गरी कानुनी कारबाही अघि बढाउनुपर्ने उहाँको भनाइ छ ।



सांसद कालीबहादुर सहकारीले कर्णाली प्रदेशमा आवश्यक स्वास्थ्य सेवा उपलब्ध हुन नसक्दा नागरिकले अकालमा ज्यान गुमाउनुपरेको बताउनुभयो । कालिकोटमा आवश्यकताअनुसार चिकित्सक नहुँदा बिरामीले समस्या भोगिरहेका, अस्पतालमा बिरामीको चाप दिनप्रतिदिन बढिरहेको उल्लेख गर्दै उहाँले दरबन्दीअनुसार चिकित्सकको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद सीताराम साहले चुरे क्षेत्रको दोहनका कारण पानीका स्रोत सुक्दै गएकाले खानेपानीको समस्या बढ्दै गएको बताउनुभयो । चुरे विनाशका कारण भूमिगत जलसतह खस्किँदै गएको, नदी कटान बढेको तथा वातावरणीय जोखिम सिर्जना भएको भन्दै मापदण्डविपरीत सञ्चालन भइरहेका क्रसर उद्योगका कारण थप समस्या उत्पन्न भएकाले चुरे दोहन रोक्न कडा कानुनी व्यवस्था लागू गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद शिवशङ्कर यादवले मुलुकमा विधिको शासन स्थापना हुनुपर्नेमा जोड दिनुभयो । भ्रष्टाचार अन्त्य गर्नुपर्ने मागसहित भएको जेनजी आन्दोलनको मूल मर्मलाई राज्यले सम्बोधन गर्दै सुशासन र जवाफदेहितालाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ ।

सांसद पुकार बमले मानसिक स्वास्थ्यलाई सबल बनाउन व्यापक जनचेतनाको आवश्यकता औँल्याउनुभयो । मानसिक स्वास्थ्यलाई बेवास्ता गरेर स्वस्थ समाजको परिकल्पना गर्न नसकिने भन्दै उहाँले मानसिक स्वास्थ्यलाई स्वास्थ्य नीतिको महत्त्वपूर्ण हिस्सा बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद नितिमा भण्डारी (कार्की) ले मधेस प्रदेशमा प्रजनन स्वास्थ्यसम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभयो । विशेषगरी महिला तथा किशोरीलाई प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यक सूचना र सेवाको पहुँच सुनिश्चित गर्न सरकारको ध्यान जानुपर्ने उहाँको भनाइ छ ।

> मधेस प्रदेशमा प्रजनन स्वास्थ्यसम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभयो । विशेषगरी महिला तथा किशोरीलाई प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यक सूचना र सेवाको पहुँच सुनिश्चित गर्न सरकारको ध्यान जानुपर्छ ।

सांसद विधुशी राणाले बालबालिकामाथि हुने हिंसा अन्त्यका लागि जनचेतना आवश्यक रहेको बताउनुभयो । बालबालिकाको संरक्षणका लागि बनेका कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उहाँले माग गर्नुभयो ।

सांसद समीक्षा बाँस्कोटाले महिलामाथि हुने हिंसा अन्त्य गर्न न्याय प्रणालीलाई चुस्त र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । हिंसाका घटनामा प्रभावकारी अनुसन्धान हुन नसक्दा पीडितले न्याय पाउन कठिन हुने गरेको भन्दै उहाँले अनुसन्धान प्रणालीलाई थप प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद तपेश्वर यादवले मिटरब्याजसम्बन्धी समस्या समाधान गर्न साहु र ऋणीबीच छलफल गरेर कानुनी व्यवस्था गर्न सरकारलाई सुझाव दिनुभयो । सांसद प्रेमलाल चौधरीले लघुवित्त तथा वित्तीय संस्थाबाट कर्जा लिएर दुरुपयोग गर्नेलाई कडा कारबाही गर्न माग गर्नुभयो ।

सांसद हरिप्रसाद भुसालले अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ को भूजुङ्गेबस्ती २०५१ सालदेखि विपद्को उच्च जोखिममा रहेको अवस्थामा हालै सरकारले जग्गा व्यवस्थापन र आवास निर्माणको प्रक्रिया अघि बढाएकामा आभार प्रकट गर्नुभयो ।

सांसद बसुमाया तामाङले राष्ट्रिय ध्वजाबाहक नेपाल वायु सेवा निगमको व्यवस्थापनलाई चुस्त बनाउन र गन्तव्य विस्तार गर्न सरकारलाई सुझाव दिनुभयो । सांसद विश्वराज पोखरेलले बलात्कारलगायत जघन्य अपराध न्यूनीकरण गर्न प्रहरी सङ्गठनलाईसाधनस्रोतसम्पन्नबनाइनुपर्नेमा जोड दिनुभयो । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : लगानीको प्रतिफल कम प्राप्त होला ।
वृष : तपाईको कामको कदर हुनेछ । पढाइ र व्यापारमा प्रगति हुने दिन छ ।
मिथुन : प्राविधिक काममा सफलता प्राप्त हुनेछ । आत्मविश्वास जाग्नेछ ।
कर्कट : रोकिएका घरेलु कामकाज विस्तारै बन्नेछन् ।
सिंह : केही चुनौती सामना गर्नुपर्ने देखिन्छ ।
कन्या : पढाइलेखाइमा प्रगति हुनेछ । व्यावसायिक काम अवरुद्ध हुन सक्छ।
तुला : पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ ।
वृश्चिक : पराक्रम बढ्ला । व्यापारमा पनि सुधार आउनेछ । यात्रामा लाभ मिल्नेछ ।
धनु : स्वास्थ्य स्थितिमा अनुकूलता आउनेछ। काम गर्न जाँगर चल्नेछ ।
मकर : परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।
कुम्भः आम्दानीमा कमी आउने छैन । तर, निरर्थक र प्रतिफल प्राप्त नहुने क्षेत्रमा लगानीको सम्भावना छ ।
मीनः विपरीत लिंगीको सहयोग प्राप्त हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# थप दाइजो नदिएपछि हत्या गरिएको आरोप



**टुडे समाचारदाता**

जलेश्वर । विवाह भएको दुई महिना नबित्दै महोत्तरीमा एक नवविवाहित युवतीको मृत्यु भएको छ। थप दाइजो नदिएको कारण हत्या गरिएको आरोप माइती पक्षले लगाएको छ।

माइती पक्षले दाइजोमा मोटरसाइकल, सुनलगायतका सामग्री नदिएको भन्दै ससुराली पक्षले निरन्तर शारीरिक तथा मानसिक यातना दिएको र सोही कारण छोरीको मृत्यु भएको मृतकका माइती पक्षले आरोप लगाएको हो।

भारत बिहारको सुरसण्ड निवासी २२ वर्षीया शिवानी राउतको महोत्तरीको पिपरा गाउँपालिका–५ स्थित ससुरालीमा मृत्यु भएको हो। घटनापछि मृतककी आमा रुवी देवीले उनका पति, दुई देवर र सासूविरुद्ध जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दिएकी छन्। रुवीका अनुसार छोरी शिवानीलाई भेट्न जलेश्वर नगरपालिका–८ रमौलस्थित मामाघरबाट ससुराली पुगेकी थिइन्। भेटका क्रममा शिवानीले विवाहपछि मोटरसाइकल र सुनका लागि आफूलाई ससुराली पक्षले कुटपिट गर्नुका साथै मानसिक यातना दिने गरेको बताएकी थिइन्।

मुण्डन कार्यक्रममा सहभागी गराउन छोरीलाई पठाइदिन आग्रह गर्दा ससुराली पक्षले मोटरसाइकल र सुन नदिएसम्म कतै जान नदिने जवाफ दिएको रुवीको भनाइ छ। उनका अनुसार दिउँसो करिब २ बजे छोरीलाई भेटेर आफू फर्किएको करिब चार घण्टापछि शिवानीको मृत्यु भएको खबर आएको थियो।

जनकपुरधामस्थित प्रादेशिक अस्पताल पुग्दा छोरीको घाँटीमा निलडाम देखिएको भन्दै रुवीले ससुराली पक्षले घाँटी थिचेर हत्या गरेको आशंका व्यक्त गरेकी छन्। जाहेरीमा शिवानीका पति सजन राउत, देवरद्वय प्रेम राउत र निराजन राउत तथा सासू नूतन देवीलाई विपक्षी बनाइएको छ।

जाहेरीअनुसार शिवानी र सजनबीच २०८३ साल असार १६ गते विवाह भएको थियो। विवाहका क्रममा माइती पक्षले आफ्नो क्षमताअनुसार दाइजो तथा अन्य सामग्री दिएको भए पनि त्यसपछि थप दाइजो, सुन र मोटरसाइकल माग गर्दै शिवानीलाई यातना दिने गरिएको आरोप छ।

मृतकका मामा दिपुकुमार कापरका अनुसार भदौ ४ गते राति शिवानीले आफूलाई श्रीमान्, सासू र देवरहरूले मोटरसाइकल ल्याउन दबाब दिने, घाँटी दबाउने तथा कुटपिट गर्ने गरेको बताएकी थिइन्।

ससुराली पक्षले भने शिवानीले झुन्डिएर आत्महत्या गरेको बताएको माइती पक्षको भनाइ छ। तर, शवको अवस्था शंकास्पद देखिएको भन्दै परिवारले थप परीक्षणका लागि पोस्टमार्टम धरान अस्पतालमा पठाएको जनाएको छ।

घटनामा प्रहरीले पति र सासूसहित तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी डिएसपी पञ्चलाल गोलेले घटनासम्बन्धी जाहेरी प्राप्त भएको पुष्टि गर्दै घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएका छन्।

# बयान दिने किशोरको भिडियो खिच्ने प्रहरी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम, ८ भदौ । बारा जिल्लामा बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या घटनाको अनुसन्धानका क्रममा बयान दिइरहेका किशोर सुमन थापाको भिडियो सार्वजनिक भएपछि भिडियो खिच्ने प्रहरीलाई पक्राउ गरिएको छ।

उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि बयान दिइरहेका भिडियो सार्वजनिकले अनुसन्धान प्रक्रियाको गोपनीयता र प्रहरीको भूमिकामाथि प्रश्न उठेको भन्दै चौतर्फी आलोचना हुन थालेपछि बयान कक्षमा भिडियो खिच्ने प्रहरी हवलदार कुमार विकलाई पक्राउ गरिएको हो।

पक्राउ परेका कुमार विकलाई हिरासतमा राखेर फौजदारी कसुरअन्तर्गत अनुसन्धान तथा कारवाही अघि बढाउने तयारी गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरले जानकारी दिएका छन्।




उनले भने 'भिडियो खिच्ने समूहमा पाँच जना प्रहरी देखिएको हो, हाल भिडियो खिच्ने प्रहरीलाई नियन्त्रणमा लिइएको छ र घटनामा अन्य प्रहरीको संलग्नताबारे समेत अनुसन्धान भइरहेको छ।'

अनुसन्धानका क्रममा संकलन गरिएको संवेदनशील बयानको भिडियो सामाजिक सञ्जालमा कसरी पुग्यो भन्ने जिज्ञासामा उनले यस सम्बन्धमा छानबिन भइरहेको बताए। साइबर ब्युरोले भिडियोको डिजिटल ट्रेकमार्फत त्यसको स्रोत र सामाजिक सञ्जालमा प्रसारण लगायत बारे समेत अनुसन्धान भइरहेको उनले बताए।

हातमा हतकडी लगाइएका किशोरसँग गरिएको सोधपुछको भिडियो सामाजिक सञ्जालमा भाइरल लगत्तै सामाजिक सञ्जालमा अनुसन्धानको गोपनीयता भंग गरिएको भन्ने आलोचना हुन थालेपछि प्रहरी प्रधान कार्यालय र मधेश प्रदेश प्रहरी कार्यालयले घटनाबारे तत्काले चासो देखाएका छन्।

गरिमा हत्या प्रकरणका मुख्य आरोपितका रूपमा पक्राउ परेका किशोरले प्रहरीसमक्ष घटनामा आफ्नो संलग्नता स्वीकार गरेको र प्रदीप खड्का नाम गरेका साथीसँग मिलेर घटनालाई अन्जाम दिएको भिडियोमा प्रष्टै सुनिन्छ।

हुनत सार्वजनिक भएको भिडियो सम्पूर्ण दृश्य र त्यसमा देखाइएका विवरणको आधिकारिक पुष्टि प्रहरीले गरिसकेको छैन। भिडियो सार्वजनिक भएपछि जिल्ला प्रहरी कार्यालय एसपी कुँवर र डीएसपी मीनबहादुर घलेसँग समेत घटनाबारे सोधपुछ थालिएको प्रहरी स्रोतले जनाएको छ।

अस्पतालमा स्वास्थ्य परीक्षणका क्रममा चिकित्सकले प्रश्न गरिरहेको अवस्थामा भिडियो खिचिएको दाबी गरिएको छ। तर, भिडियो कसले खिच्यो, कसरी बाहिरियो र सामाजिक सञ्जालमा कसले सार्वजनिक गऱ्यो भन्ने विषय अझै स्पष्ट हुन सकिएको छैन।

भिडियो सार्वजनिक गर्ने व्यक्तिसम्म उक्त भिडियो कसले उपलब्ध गरायो भन्ने श्रृंखलासमेत पहिल्याउने गरी अनुसन्धान अघि बढाइएको प्रहरीले श्रोतले जनाएको छ।

# रौतहटमा बेरुजुको चाङ्

**टुडे समाचारदाता**

रौतहट । रौतहटका स्थानीय तहमा विकास बजेट खर्च गर्ने प्रतिस्पर्धा देखिए पनि सार्वजनिक रकमको हिसाब-किताब व्यवस्थित गर्न भने पालिकाहरू कमजोर देखिएका छन्। महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनले जिल्लाका विभिन्न स्थानीय तहमा वर्षौंदेखि थुप्रिएको बेरुजु अझै फछ्र्योट हुन नसकेको देखाएको छ।

पुरानो बेरुजु फछ्र्योट हुन नपाउँदै नयाँ बेरुजु थपिँदै जानुले प्रश्न उठाएको छ–यो समस्या सरकारको खुकुलो नीति हो कि स्थानीय तहको कमजोर वित्तीय अनुशासन ?

उपलब्ध विवरण हेर्दा रौतहटका केही पालिकामा बेरुजुको आकार निकै ठूलो छ। गढीमाई नगरपालिका सबैभन्दा अगाडि देखिन्छ। गढीमाईको कुल बेरुजु करिब १ अर्ब १७ करोड रुपैयाँ पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा मात्रै थप २६ करोड ८६ लाख रुपैयाँ बेरुजु देखिएको छ।

त्यसैगरी राजपुर नगरपालिकाको कुल बेरुजु करिब १ अर्ब ११ करोड रुपैयाँ पुगेको छ। पछिल्लो आर्थिक वर्षमा मात्रै त्यहाँ ८ करोड ७० लाख ८३ हजार रुपैयाँ बेरुजु थपिएको छ।

कटहरिया नगरपालिकामा कुल बेरुजु ९९ करोड १५ लाख १२ हजार रुपैयाँ पुगेको छ। एक वर्षमै ११ करोड २१ लाख ७० हजार रुपैयाँ बेरुजु थपिएको देखिन्छ। वृन्दावन नगरपालिकाको कुल बेरुजु ९८ करोड ८९ लाख २६ हजार रुपैयाँ पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा मात्रै १३ करोड १९ लाख रुपैयाँ थप बेरुजु देखिएको छ। चन्द्रपुर नगरपालिकाको




कुल बेरुजु पनि करिब ९७ करोड रुपैयाँ पुगेको छ। पछिल्लो आर्थिक वर्षमा मात्रै ६ करोड २ लाख २३ हजार रुपैयाँ बेरुजु थपिएको प्रतिवेदनले देखाउँछ।

बेरुजु भनेकै भ्रष्टाचार होइन

यहाँ एउटा कुरा स्पष्ट हुन जरुरी छ–बेरुजु देखिनु र भ्रष्टाचार प्रमाणित हुनु एउटै कुरा होइन। लेखापरीक्षणका क्रममा आवश्यक कागजात नपुगेको, कानुनी प्रक्रिया पूरा नभएको, प्रमाण पेस गर्न नसकिएको, नियमित गर्नुपर्ने वा असुलउपर गर्नुपर्ने रकमसमेत बेरुजुमा पर्न सक्छ।

तर बेरुजु वर्षौंसम्म फछ्र्योट नहुनु र हरेक वर्ष त्यसमा नयाँ रकम थपिँदै जानु भने गम्भीर वित्तीय समस्या हो। यसले पालिकाको आन्तरिक नियन्त्रण प्रणाली, खर्च व्यवस्थापन र जिम्मेवारीप्रतिको प्रतिबद्धतामाथि प्रश्न उठाउँछ।

बजेट खर्चभन्दा हिसाब महत्वपूर्ण

स्थानीय तहमा सडक, नाला, खानेपानी, शिक्षा, स्वास्थ्य र पूर्वाधारका नाममा हरेक वर्ष करोडौं रुपैयाँ खर्च हुन्छ। तर कति बजेट खर्च भयो भन्नेभन्दा त्यो रकम कसरी, कुन प्रक्रियाबाट र कस्तो परिणामका लागि खर्च भयो भन्ने प्रश्न बढी महत्वपूर्ण हुन्छ।

कागजमा बजेट खर्च देखिए पनि त्यसको प्रक्रिया कमजोर छ भने त्यसले स्थानीय सरकारको वित्तीय सुशासन बलियो भएको प्रमाणित गर्दैन।

अझ ठूलो समस्या त पुरानो बेरुजु फछ्र्योट गर्ने स्पष्ट प्रयास नदेखिनु हो। बेरुजु फछ्र्योट नगर्ने प्रवृत्तिले सार्वजनिक रकमको जवाफदेहितालाई कमजोर बनाउँछ र आगामी वर्षका लागि पनि उस्तै समस्या दोहोरिने जोखिम बढाउँछ।

जनप्रतिनिधिले जवाफ दिनुपर्ने समय

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो। त्यसैले जनप्रतिनिधिले विकास निर्माणको प्रगति मात्र देखाएर पुग्दैन। पालिकामा कति बेरुजु छ, किन आयो, कति असुल गर्नुपर्ने हो, कति नियमित गर्नुपर्ने हो र विगतको बेरुजु कति फछ्र्योट भयो–यसको जवाफ पनि नागरिकले पाउनुपर्छ।


गढीमाईमा १ अर्ब १७ करोड, राजपुरमा १ अर्ब ११ करोड, कटहरियामा ९९ करोडभन्दा बढी, वृन्दावनमा करिब ९९ करोड र चन्द्रपुरमा करिब ९७ करोड रुपैयाँको बेरुजु देखिनु सामान्य प्रशासनिक त्रुटिको रूपमा मात्रै लिन मिल्ने विषय होइन।

यसले रौतहटका स्थानीय तहमा वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण र बेरुजु फछ्र्योट प्रणालीको पुनरावलोकन आवश्यक रहेको संकेत गर्छ।

अब प्रश्न बजेट कति आयो र कति खर्च भयो भन्नेमा मात्र सीमित छैन। प्रश्न यो पनि हो–सार्वजनिक रकमको हिसाब कति पारदर्शी छ?

स्थानीय सरकारहरूले अब विकास बजेटको उपलब्धिसँगै बेरुजुको अवस्थालाई पनि सार्वजनिक बहसको विषय बनाउनुपर्ने देखिन्छ। नत्र हरेक वर्ष नयाँ बेरुजु थपिँदै जाने र पुरानो बेरुजुको पहाड झन् ठूलो हुँदै जाने अवस्था अन्त्य गर्न कठिन हुनेछ।

# प्रहरीलाई सवारी साधन हस्तान्तरण



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशको शान्तिसुरक्षा र अपराध नियन्त्रणका लागि नेपाल प्रहरीलाई १२ वटा पिकअप जिप हस्तान्तरण गरेको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयको बजेटबाट खरिद गरिएका ती सवारीसाधन सोमबार एक कार्यक्रमबीच मन्त्रालयका मन्त्री फकिरा महतोले प्रहरीलाई हस्तान्तरण गरेका हुन्।

प्रहरीको गस्ती तथा आकस्मिक परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यले प्रदेशका आठवटै जिल्ला प्रहरी कार्यालय र चारवटा इलाका प्रहरी कार्यालयलाई एक-एक वटा पिकअप जिप उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ।

सवारीसाधन प्राप्त गर्ने इलाका प्रहरी कार्यालयहरूमा रौतहटको चन्द्रपुर र गरुडा, सर्लाहीको गोडैता तथा महोत्तरीको गडहियाँ रहेका छन्। नयाँ सवारीसाधनबाट प्रहरीको फिल्डमा परिचालन क्षमता बढ्नुका साथै शान्तिसुरक्षा कायम गर्न र अपराध नियन्त्रणका गतिविधि प्रभावकारी बनाउन सहयोग पुग्ने मन्त्री महतोले बताए।

सवारीसाधन हस्तान्तरण गर्दै मन्त्री महतोले प्रहरीलाई आवश्यक स्रोतसाधन उपलब्ध गराएर सुरक्षा व्यवस्थापनलाई थप चुस्त बनाउने प्रदेश सरकारको प्राथमिकता रहेको उल्लेख गरे।

कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विन्देश्वरीप्रसाद लेखक, मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारीसहित प्रहरी तथा मन्त्रालयका अधिकारीहरूको सहभागिता थियो।

मन्त्रालयका अनुसार हस्तान्तरण गरिएका प्रत्येक पिकअप जिपको मूल्य भ्याटसहित ३९ लाख ५ हजार रुपैयाँ रहेको छ। १२ वटा सवारीसाधनका लागि प्रदेश सरकारले करिब ४ करोड ६८ लाख ६० हजार रुपैयाँ खर्च गरेको छ।

# चार वर्ष बित्दा पनि बनेपाको शीतभण्डार अधुरै

काभ्रे । बनेपा नगरपालिका-८ मा निर्माण थालिएको शीतभण्डार (कोल्ड स्टोर) चार वर्षसम्म अपूरो रहेको छ।

रकमको अभाव, जेनजी आन्दोलन लगायतका कारणले चार वर्ष बितिसक्दा पनि निर्माण अपूरो भएको हो। सङ्घीय सरकारको रु २४ करोड विशेष अनुदानमा निर्माण हुन लागेको उक्त शीतभण्डारको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) बनेपा नगरपालिकाले तयार पारेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय सरकारले विशेष अनुदान कार्यक्रमअन्तर्गत पठाएको बजेट फिर्ता भएको थियो। पछि आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले रु तीन करोड विनियोजन गरेपछि टेण्डरमार्फत ठेक्का लगाएर निर्माण कार्य प्रारम्भ गरिएको थियो। शीतभण्डार निर्माणका लागि चालु आर्थिक वर्षमा रु दुई करोड विनियोजन भएको छ। सुरुमा शीतभण्डारका लागि आवश्यक जग्गा व्यवस्थापन गरी फलामे संरचना निर्माण गरिएको थियो।

यसअघिको बजेट खर्च भइसकेको छ। आगामी वर्षको बजेटबाट काम अगाडि बढिरहेको छ। चालु आर्थिक वर्ष २०८३/८४ का लागि रु एक करोड ८० लाख बजेट प्राप्त भएको छ। नयाँ ठेक्का सम्झौताका लागि पनि टेण्डर आह्वान गर्ने तयारी भइरहेको छ। रासस

# फरार ६ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवानाको सजाय पाएर फरार रहेका ६ जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

अदालतबाट फैसला भइसकेपछि पनि सजाय भुक्तान नगरी लुकीछिपी बस्दै आएका प्रतिवादीहरूको खोजी गर्ने क्रममा उनीहरू पक्राउ परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। पक्राउ परेकाहरूलाई आवश्यक कानुनी प्रक्रियाका लागि सम्बन्धित निकायमा बुझाइएको प्रहरी प्रवक्ता डीएसपी



ओमप्रकाश खनालले जानकारी दिए। प्रहरीका अनुसार पक्राउ परेकामध्ये कुटपिट मुद्दामा १ वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना तोकिएका एक जना छन्। त्यस्तै, सवारी ज्यानसम्बन्धी मुद्दामा २८ दिन कैद तथा २ हजार रुपैयाँ जरिवाना तोकिएका अर्का प्रतिवादी पनि पक्राउ परेका छन्।

यसैगरी डाका मुद्दामा ६ वर्ष २८ दिन कैद र ९ लाख ४५ हजार ४५० रुपैयाँ जरिवाना सजाय पाएका एक जना तथा अवैध विदेशी मुद्रा कारोबार मुद्दामा ९ लाख १६ हजार ६६६ रुपैयाँ जरिवाना तोकिएका एक जना पनि प्रहरीको नियन्त्रणमा आएका छन्।

लागूऔषध मुद्दामा २ वर्ष कैद सजाय पाएका एक जना र जबरजस्ती करणी मुद्दामा ११ वर्ष कैदको फैसला भएका अर्का फरार प्रतिवादीलाई समेत प्रहरीले पक्राउ गरेको छ।

फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन धनुषा प्रहरीले अदालतबाट सजाय तोकिए पनि फरार रहेका व्यक्तिको अभिलेखका आधारमा खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ।

# सर्लाहीमा पुरुषको शव फेला पऱ्यो



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बरहथवा नगरपालिका–७, तीनघरियामा ४६ वर्षीय एक पुरुष कलभर्टमुनि मृत अवस्थामा फेला परेका छन्।

बरहथवा नगरपालिका–३, भगवतीपुर घर भएका तथा तीनघरियामा किराना पसल सञ्चालन गर्दै आएका राजेश्वर पुरी सोमबार बिहान कलभर्टमुनि नालीमा मृत अवस्थामा फेला परेपछि परिवारजनद्वारा हत्याको आशंका व्यक्त गरेको हो।

किराना व्यवसायी पुरी आइतबार राति गाउँमा आयोजित छठियारको भोजमा सहभागी भएका थिए। भोजमा सहभागी भएर फर्किँदै गर्दा उनको हत्या भएको हुनसक्ने आशंका परिवारजनको गम्भीर आरोप छ। उनको आज बिहान कलभर्टमुनि मृत अवस्थामा भेटिएपछि घटनालाई लिएर विभिन्न आशंका उत्पन्न भएको हो।

मृतकका परिवारजनले पुरीलाई रातभर भोज खुवाएर हत्या गरिएको दाबी गरेका छन्। पसलमा उधारो खाएका केही व्यक्तिहरू मिलेर उनको हत्या गरेको हुनसक्ने दाबी गरिएको भए पनि आधिकारिक रुपमा उनको हत्या नै भएको छ भन्ने बारे प्रहरी अनुसन्धान एवं पोष्टमार्टम रिपोर्ट पश्चात पुष्टि हुने बताइएको छ।

घटनाको जानकारी पाउना साथ इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी गोपीकृष्ण सुवेदी सहितको प्रहरी टोली घटनास्थल पुगेका थिए। प्रहरीले घटनास्थलको प्रारम्भिक निरीक्षण तथा आवश्यक अनुसन्धान अघि बढाएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा घटना तत्काले शंकास्पद देखिएको छैन। मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको र पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि मृत्युको वास्तविक कारण खुल्ने उनले बताए।

# सामाजिक सुरक्षा प्रतिवेदन पेश गर्न निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले नगरभित्र सञ्चालित सबै सामुदायिक विद्यालयलाई अनिवार्य रूपमा सामाजिक परीक्षण प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ।



उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले एक सूचना जारी गर्दै विद्यालयहरूले सामाजिक परीक्षण नगराउने गरेको गुनासो आएको भन्दै सम्बन्धित विद्यालयलाई सामाजिक परीक्षण गर्न निर्देशन दिएको हो।

शाखा प्रमुख अन्जु पाण्डेयद्वारा हस्ताक्षरित पत्रमा शिक्षा नियमावली, २०५९ को नियम १७१क तथा विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम प्रत्येक सामुदायिक विद्यालयले सामाजिक परीक्षण गराउनुपर्ने उल्लेख गरिएको छ।

उपमहानगरपालिकाले सामाजिक परीक्षण सम्पन्न गरी त्यसको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद विकास शाखामा अनिवार्य रूपमा पेश गर्नसमेत भनेको छ। विद्यालयको शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय गतिविधिमा पारदर्शिता र जवाफदेहिता कायम गर्न सामाजिक परीक्षण महत्वपूर्ण मानिन्छ।


सामाजिक परीक्षणमार्फत विद्यालयको सञ्चालन, स्रोतको उपयोग, शैक्षिक उपलब्धि तथा विद्यालय र समुदायबीचको सम्बन्धलगायत विषयको समीक्षा गरिने व्यवस्था छ।

जनकपुरधाम उपमहानगरपालिकाले सोमबार पत्र जारी गर्दै नगर क्षेत्रका सबै सामुदायिक विद्यालयलाई उक्त निर्देशन कार्यान्वयन गर्न आग्रह गरेको हो।

**सूचना ! सूचना !! सूचना !!!**

नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाका निवर्तमान सभापति तपाई **श्री नरेश प्रसाद सिंह**लाई मिति २०८३।४।२५ गते यस शाखाबाट हुलाकबाट रजिष्ट्री गरी पत्र दिइएकोमा पत्र फिर्ता भइ सकेको र तपाई हाल सम्म यस शाखामा आई बरबुझारथ समेत नगर्नु भएकोले सो सूचना प्रकाशन भएको मिति देखि ७ दिन भित्र यस शाखामा आई बरबुझारथ गर्न सार्वजनिक सूचना गरिएको छ। सो अवधिमा पनि तपाई आउनु भएन भने नेपाल रेडक्रस सोसाइटीको विधान अनुसार करवाही प्रक्रिया अगाडि बढाइने व्होरा जानकारी गराइएको छ।

**नेपाल रेडक्रस सोसाइटी**
**धनुषा शाखा**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बढ्दो अपराध

बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिकामा एकजना तीन वर्षिया बालिकाको निर्मम हत्या गरिएको छ । हत्या अघि बालिकासित दुष्कर्म गरिएको बताइएको छ। सप्तरी जिल्लामा एकजना आमाले २ वर्षीया सौतेनी छोरीको निर्ममता पूर्वक हत्या गरेकी छन् । महोत्तरी जिल्लाको पिपरामा एकजना २ महिनाकी विवाहिताको शंकाष्पद मृत्यु भएको छ। सार्वजनिक भएको यो सबै घटना एक साता भित्रको हो। तीनवटै घटना मध्ये दुई जना त अवोध बालिका हुन् । एकजना विवाहिता महिला पनि २ महिना पूर्व विवाह गरेर आएकी थिइन् । उनको मृत्युलाई माइती पक्षले शंकाष्पद भनेको छ । साता दिन भित्रै भएको घटनाले समाजमा कुन हदसम्मको अपराध हुन थालेको भने संकेत गरेको छ। २ वर्षकी सौतेनी छोरीको हत्या गरेर आमाले कुन सुख खोजेकी थिइन् ? आखिर छोरीले विवाह गरेर अन्य घर नै जाने थिइन् । उनको पालन र शिक्षामा केही खर्च हुन्थ्यो ? तर हत्या नै गरेपछि आमा त जेल जाने पक्का भएको छ। सौतेनी भए पनि आमा नै थिइन् । २ वर्षकी बालिकाले न त आमालाई दुःख दिएकी थिइन् । न त आमासित अंश नै मागेकी थिइन् । २ वर्षकै उमेरमा छोरीको निर्ममता पूर्वक हत्या गरेर सौतेनी आमा प्रतिको आमधारणालाई पुष्टि गरिएको छ । बारा जिल्लाको घटनामा त एक जना नाबालिग अपराधिले दिएको बयानमा बलात्कार र हत्या सामान्य विषय जस्तै देखिएको छ। बयानको क्रममा नाबालिगमा कुनै पश्चाताप देखिएको छैन । उनले दुई जना मिलेर बलात्कारपछि हत्या गरेको प्रष्ट रुपमा स्विकारेका छन् । अर्का नाबालिग स्कुल पढ्ने छन् । प्रहरीले उक्त घटनामा सात जनालाई नियन्त्रणमा लिएको छ । पीडित परिवारलाई सरकारले काठमाण्डु लगेर सहमति गरेको छ। गरिमा चौधरीको घटनाले कम उमेरमै बलात्कार र हत्या जस्तो जघन्य अपराध गर्न सक्ने देखाएको छ । हत्यामा संलग्न रहेको स्विकारोक्ति बयान दिने नाबालिगलाई सजायको विषयमा समेत जानकारी छैन । त्यसैगरी महोत्तरी जिल्लाको पिपरामा भएको शंकाष्पद मृत्युले अनेक प्रश्न खडा गरेको छ। माइती पक्षले छोरीको हत्या गरिएको आरोप लगाएको छ । भ्रुण्डिएर आत्महत्या गरिएको भ्रूठो वारदात बनाएको आरोप माइती पक्षको छ । हत्या गरी आत्महत्या गरिएको देखाउन प्रहरी समेतलाई जानकारी नदिइ सोझै जनकपुरधामस्थित अस्पताल लगिएको माइती पक्षको कथन छ । प्रहरीले घटनाको अनुसन्धान गर्ने नै छ । एक हप्ता भित्र भएको तीन वटा फरक फरक किसिमको हत्याले समाजमा विकृति पराकाष्ठामा पुगेको देखिन्छ। नाबालिगहरुले बलात्कार गरी हत्या गर्न योजना अनुसार नै गरिमासित घटना गरिएको देखिन्छ। आमाले सौतेनी छोरीको हत्या गरी आफ्ना सन्तानलाई सुखी बनाउने स्वार्थवश हत्या गरेकी छन् । यस्ता घटनाले समाजमा अपराधको सबै सीमा भंग भएको देखिन्छ।

# उपभोक्ता अदालतको औचित्य, अभ्यास र आगामी दिशा

बसन्त गौतम

हामी सबै नागरिक कुनै न कुनै रूपमा उपभोक्ता हौँ। खाना, औषधि, कपडा, मोबाइल, सवारीसाधन, बैंक तथा बीमा सेवा, स्वास्थ्य उपचार, शिक्षा, इन्टरनेट, हवाई सेवा वा दैनिक उपभोगका अन्य वस्तु तथा सेवा प्रयोग गर्दा हामी उपभोक्ता बन्छौँ । तर, वस्तु वा सेवा खरिद गर्दा ठगिएमा, गुणस्तरहीन वस्तु पाएमा वा सेवाका कारण क्षति भएमा न्याय खोज्ने प्रक्रिया भने अझै धेरै उपभोक्ताका लागि जटिल र महँगो छ। यही समस्यालाई सम्बोधन गर्न नेपालमा उपभोक्ता अदालतको व्यवस्था गरिएको हो ।

नेपालको न्यायिक इतिहास र नागरिक अधिकारको विकास क्रममा २०८१ माघ २८ गते प्रकाशित राजपत्रको सूचना र २०८१ फागुन २ गते (विश्व उपभोक्ता अधिकार दिवस) का अवसरमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा औपचारिक उद्घाटन भई सञ्चालनमा आएको उपभोक्ता अदालत एक ऐतिहासिक र युगान्तकारी कोशेढुङ्गा हो। लामो समयदेखि वस्तु तथा सेवाको गुणस्तरहीनता, बजारको मनपरी, सिन्डिकेट, कालोबजारी, अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्तामाथि हुने ठगीका विरुद्ध प्रभावकारी कानुनी उपचार पाउनका लागि आम नागरिकले व्यहोर्नु परेको जटिलतालाई यस अदालतको स्थापनाले अन्ततः सम्बोधन गरेको छ । बजार र प्रविधिको विकास र विस्तारसँगै उपभोक्तासँग सम्बन्धित समस्या तथा विवादहरू तीव्ररूपमा बढ्दै गएको अवस्थामा यस्तो विशिष्टीकृत अदालतको आवश्यकता महसुस गरिएको हो।

संवैधानिक दृष्टिकोणबाट हेर्दा नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हकको स्पष्ट प्रत्याभूति गरेको छ । यसका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट कुनै पनि व्यक्तिलाई क्षति पुगेको खण्डमा कानुन बमोजिम उपयुक्त क्षतिपूर्ति पाउने हकलाई समेत मौलिक अधिकारकै रूपमा सुनिश्चित गरिएको छ । सोही संवैधानिक मर्मलाई व्यावहारिक रूप दिन उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गर्नुभएको थियो । उक्त रिटमा सर्वोच्च अदालतले २०७८ साल चैत ८ गते उपभोक्ता अदालत गठन गर्नका लागि ऐतिहासिक आदेश जारी गर्‍यो । सोही न्यायिक आदेशको कार्यान्वयन गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१ माघ २१ गतेको निर्णय अनुसार काठमाडौँ उपत्यकाका तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) को क्षेत्राधिकार रहने गरी काठमाडौँमा उपभोक्ता अदालतको औपचारिक स्थापना भई सञ्चालनमा आएको हो।

नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेमा कानुन बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भयो। ऐनले उपभोक्ताको अधिकार संरक्षणसँगै उपभोक्ता विवादको न्यायिक निरूपणका लागि विशेष अदालतको व्यवस्था गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ ले सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्नसक्ने व्यवस्था गरेको छ । अदालतमा जिल्ला न्यायाधीश अध्यक्ष रहने र नेपाल न्याय सेवा तथा नेपाल सरकारका सम्बन्धित अधिकारी सदस्य रहने व्यवस्था छ । अदालतको मुकाम र क्षेत्राधिकार सरकारले तोक्ने कानुनी व्यवस्था गरिएको छ तर कानुन बनेपछि पनि लामो समयसम्म उपभोक्ता अदालत गठन भएन । अदालत गठन नभएसम्म उपभोक्ता अदालतले हेर्ने मुद्दा सम्बन्धित जिल्ला अदालतबाट हेर्ने व्यवस्था ऐनको दफा ४८ मा गरिएको थियो ।

### उपभोक्ता हित संरक्षणका बहुआयामिक पक्षहरू

आधुनिक बजार व्यवस्था, सूचना प्रविधि र ई-कमर्सको तीव्र विकाससँगै उपभोक्ताका समस्या र विवादहरू अत्यन्त बहुआयामिक र जटिल बन्दै गएका छन् । परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूपहरू पनि फेरिएका छन् । यस परिवेशमा उपभोक्ता हित संरक्षण केवल बजारमा गरिने आकस्मिक अनुगमन वा पसल 'सिल' गर्ने प्रशासनिक कारबाहीमा मात्र सीमित रहन सक्दैन । वस्तुतः उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन् ।




यस सन्दर्भमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले सुशासन, उपभोक्ता हित संरक्षण र स्वच्छ बजारलाई आफ्ना प्रमुख तीन कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ । स्थानीय, प्रादेशिक र सङ्घीय तीनवटै तहमा स्वच्छ बजार व्यवस्थापन कायम गर्नका लागि उपभोक्तासँग सम्बन्धित नीति तथा कानुनमा सहजीकरण गर्ने कार्य मञ्चले गर्दै आएको छ। यसका साथै आम नागरिकको हितसँग जोडिएका विषयमा उपभोक्ता सरोकारको मुद्दा वा सार्वजनिक हितको मुद्दामार्फत न्यायिक निकायमा बहस पैरवी गर्ने काम भइरहेको छ। अर्कोतर्फ, उपभोक्ता अधिकारलाई आधारभूत मानवअधिकारकै अङ्गका रूपमा स्थापित गर्दै व्यवसाय र मानवअधिकारको अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

त्यस्तै, उपभोक्ता हित संरक्षणको अर्को महत्वपूर्ण आयाम जनस्वास्थ्य र नसर्ने रोगहरूको रोकथामसँग जोडिएको छ । बजारमा उपलब्ध हुने खाद्यवस्तु र पेय पदार्थको गुणस्तरले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले सुर्तीजन्य र मदिराजन्य पदार्थको उपभोग नियन्त्रण एवं नियमनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। प्याकेट बन्द खाद्यवस्तुहरूमा अग्रभागको लेबलिङ अनिवार्य गर्ने, अत्यधिक नून र चिनी भएका हानिकारक खानेकुराको बिक्रीमा नियन्त्रण गर्ने तथा स्वच्छ खानपान र शारीरिक व्यायाम सम्बन्धी चेतना फैलाउने कार्यहरू पनि उपभोक्ता हित संरक्षणकै अभिन्न अङ्गका रूपमा रहेका छन्।

### उपभोक्ता अदालतको क्षेत्राधिकार, प्रक्रिया र प्रारम्भिक अभ्यास

उपभोक्ता अदालतको कानुनी अधिकारक्षेत्र र क्षेत्राधिकारको दायरालाई उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्पष्ट रूपमा परिभाषित गरेको छ । उक्त ऐनको दफा ५८ अनुसार नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका कसुरहरूसम्बन्धी मुद्दाहरू उपभोक्ता अदालतमा चल्ने व्यवस्था गरिएको छ । त्यसैगरी ऐनको दफा ५० बमोजिम व्यवसायी वा सेवा प्रदायकको अनुचित कार्यबाट क्षति पुगेको अवस्थामा क्षतिपूर्तिको दाबी गर्न सकिने देवानी प्रकृतिका मुद्दाहरू पनि यसै अदालतको अधिकारक्षेत्रभित्र पर्दछन् ।

अदालत समक्ष शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य कुनै पनि किसिमको क्षति व्यहोर्नुपरेमा क्षतिपूर्तिको दाबी लिएर पुग्न सकिने व्यवस्था छ । यस्तो क्षतिपूर्तिको दाबी मर्का पर्ने उपभोक्ता स्वयंले दर्ता गराउन सक्दछन् । यदि उपभोक्ता स्वयं अदालत जान असमर्थ भएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा निजको तर्फबाट दर्तावाल उपभोक्ता सङ्घसंस्थाले समेत मुद्दा दायर गर्न सक्ने लचिलो कानुनी व्यवस्था गरिएको छ। यस व्यवस्थाले कानुनी प्रक्रियामा आम नागरिकको पहुँचलाई सुगम बनाएको छ।

उपभोक्ता अदालत सञ्चालनमा आएको छोटो अवधिभित्रै केही अत्यन्त महत्त्वपूर्ण र नजीरयोग्य मुद्दाहरूको सुनुवाइ भई फैसलाहरू समेत भइसकेका छन्। उदाहरणका लागि, अधिवक्ता वसन्त गौतमविरुद्ध ओम हस्पिटल एण्ड रिसर्च सेन्टरसमेत भएको मुद्दामा स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा भएको लापरबाही र अनुचित व्यापारिक क्रियाकलापका विरुद्ध क्षतिपूर्तिको सिद्धान्त प्रतिपादन भएको छ । त्यसैगरी सावित्री खत्री थापाविरुद्ध स्वस्तिक शिल्भर प्यालेस समेतको मुद्दामा गुणस्तरहीन वस्तुको बिक्री तथा व्यापारिक ठगीविरुद्ध उपभोक्ताको पक्षमा महत्त्वपूर्ण निर्णय भएको छ । यी सुरुआती न्यायिक फैसलाहरूले आम नागरिकमा आफूमाथि भएको अन्यायविरुद्ध कानुनी उपचार पाइन्छ भन्ने आत्मविश्वास र भरोसा जगाउन सफल भएका छन् ।

### दुष्कृति र मास टर्ट/क्लास एक्सनको नयाा सम्भावना

नेपालको कानुनी अभ्यासमा दुष्कृति ऐनको प्रयोग अहिलेसम्म निकै सीमित र प्रारम्भिक चरणमा मात्र रहेको थियो तर उपभोक्ता अदालतको गठनसँगै दुष्कृति कानुन अन्तर्गत 'मास टर्ट' र ' क्लास एक्सन' (समूहगत वा वर्गगत मुद्दा) को नयाँ सम्भावनाको ढोका खुलेको छ । जब कुनै व्यवसायी, उद्योग वा सेवाप्रदायकको कुनै कार्य वा अकर्मण्यता/लापरबाहीका कारण ठूलो सङ्ख्याका उपभोक्ता वा सिङ्गो समाज नै प्रभावित हुन्छ, तब प्रत्येक पीडितले छुट्टाछुट्टै मुद्दा हाल्नुको सट्टा सामूहिक रूपमा वर्गगत मुद्दा चलाउन सक्ने कानुनी वातावरण बनेको छ।

अन्तरराष्ट्रिय न्यायिक अभ्यासमा यस्ता सामूहिक मुद्दाहरूको ठूलो महत्त्व रहेको छ । फक्सवागन कम्पनीले सवारी साधनको उत्सर्जन परीक्षणमा गरेको धाँधली, एप्पल कम्पनीले पुराना फोनहरूको ब्याट्री स्लो गराएको काण्ड वा फेसबुकले प्रयोगकर्ताहरूको व्यक्तिगत डाटा गोपनीयता उल्लङ्घन गरेको विषयमा परेका 'क्लास एक्सन' मुद्दाहरू यसका उत्कृष्ट उदाहरण हुन् । नेपालको बजारमा पनि यस्तै किसिमका सामूहिक ठगी र लापरबाहीका अनेकौँ सम्भावित क्षेत्रहरू रहेका छन् ।

खासगरी खाद्यवस्तु बिग्रन वा किरा नलागोस् भनी चामल तथा खाद्यान्नमा घातक विषादी मिसाउने कार्य, तोकिएको तौलभन्दा कम अर्थात् आधा मात्र ग्यास भरिएका एलपीजी सिलिन्डर बिक्री वितरण गर्ने प्रवृत्ति, गलत वा त्रुटिपूर्ण प्याथोलोजी ल्याब रिपोर्टका आधारमा हुने गलत स्वास्थ्य उपचार तथा विद्युत्, टेलिफोन, इन्टरनेट, बैङ्किङ वा सार्वजनिक यातायातजस्ता अत्यावश्यकीय सेवामा उपभोक्ताबाट गैरकानुनी रूपमा उठाइने अतिरिक्त शुल्कहरू मास टर्टका प्रत्यक्ष उदाहरण हुन्। यस्ता प्रकृतिका व्यापक ठगीविरुद्ध सामूहिक रूपमा क्लास एक्सन मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गर्ने र गराउने दायित्व हामी सबैको हो।

### सातै प्रदेशमा विस्तार र उपभोक्ता अदालतको सफलताका शर्तहरू


वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौँ उपत्यकाका तीन जिल्लामा मात्र सीमित रहेको छ। तर नेपालको सङ्घीय ढाँचा अनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरू उपभोक्ता हुन् र उनीहरू पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन्। त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौँमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ।

सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापना र अदालतको सफलता नै उपभोक्ताको सफलता हो भन्ने मान्यतालाई आत्मसात गर्दै यसलाई सफल बनाउन केही महत्वपूर्ण कानुनी र व्यावहारिक कदमहरू चाल्नुपर्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ बाहेक वस्तु तथा सेवासँग सम्बन्धित अन्य विशेष ऐनहरू जस्तै–खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, गुणस्तर तथा नापतौल ऐन, औषधि ऐन, र सवारी तथा यातायात व्यवस्था ऐनलगायतका कानुनअन्तर्गतका कसुरहरूको सुरु कारबाही र किनारा गर्ने अधिकार पनि उपभोक्ता अदालतलाई नै तोक्न आवश्यक कानुनी संशोधन र पहल गरिनुपर्छ।

उपभोक्ता संरक्षण ऐनको दफा ५८ अनुसार नेपाल सरकारवादी हुने फौजदारी प्रकृतिका मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गराउन सरकारी वकिल र अनुगमन निकायहरूले सक्रियता देखाउनुपर्छ । कानुन व्यवसायीहरूका लागि पनि यो एक नयाँ र फराकिलो कार्यक्षेत्र हो। कानुन व्यवसायीहरूले केवल परम्परागत फौजदारी वा देवानी मुद्दामा मात्र सीमित नरही उपभोक्ता हित, टर्ट ल र क्लास एक्सनको क्षेत्रमा आफ्नो पेसागत दायरा र दक्षता विस्तार गर्नुपर्छ। उता सञ्चारमाध्यम र नागरिक समाजले पनि बजारका विकृतिहरूको पर्दाफास गर्दै पीडित उपभोक्तालाई कानुनी उपचारको प्रक्रियासम्म पुर्‍याउन र सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापनालाई सफल बनाउन सहयोग र अभिभावकीय भूमिका निर्वाह गर्नु आवश्यक छ।

(लेखक अधिवक्ता एवं उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील हुनुहुन्छ।)

# कमरेड चे : जब करुणाले बन्दुक देख्छ



डा. चूडाप्रसाद ढकाल

सन् १९५२। पेरुको साम्पाब्लो कुष्ठरोग आश्रम। अमेजन नदीले छुट्याएको त्यो आश्रममा चिकित्सक र कर्मचारीहरू एकातिर र उपचाररत बिरामीहरू अर्कोतिर बस्थे।

कुष्ठरोग सर्ने जोखिम अत्यन्त न्यून भए पनि बिरामीलाई छुँदा पन्जा लगाउने चलन थियो । तेइस वर्षे अर्जेन्टिनी चिकित्साशास्त्रका विद्यार्थी अर्नेस्टो चे ग्वेभाराले भने पन्जा लगाएनन् । उनले बिरामीहरूसँग हात मिलाए, कुरा गरे, उनीहरूसँग फुटबल खेले।

पछि उनले सम्झिए, बिरामीलाई अरू मानिसलाई जस्तै व्यवहार गर्दा त्यसको मनोवैज्ञानिक प्रभाव ठूलो थियो। आश्रमको बसाइको अन्त्यतिर उनको २४औँ जन्मदिन आयो। चिकित्सक र कर्मचारीहरू उनको जन्मदिन मनाइरहेका बेला उनी अमेजनको अर्को किनारामा रहेका बिरामीहरूसम्म पुग्न नदी पौडेर गए। करिब चार किलोमिटर चौडा पानीको त्यो दूरी केवल नदी पार गर्नु थिएन; आफू र अरूबीच खडा गरिएको एउटा सामाजिक दूरी पनि पार गर्नुजस्तै थियो।

त्यति बेला उनी क्रान्तिकारी थिएनन् । उनी चिकित्साशास्त्रका विद्यार्थी थिए । तर, अरूको पीडालाई टाढाबाट हेरेर बस्न नसक्ने एउटा बेचैनी उनीभित्र बढ्दै थियो। यही बेचैनीले केही वर्षपछि रोगलाई शरीरभित्र मात्र होइन, समाजभित्र पनि खोज्न थाल्यो।

चेले पछि लेखे, 'साँचो क्रान्तिकारी ठूलो प्रेमबाट निर्देशित हुन्छ।' उनका लागि त्यो प्रेम, भावनामा रोकिने शब्दजाल थिएन। जीवित मानवताप्रतिको प्रेम 'ठोस कर्म'मा बदलिनुपर्छ भन्ने आग्रह थियो । करुणा उनका लागि सहानुभूतिको अन्तिम बिन्दु थिएन। पीडा देखेपछि त्यहाँबाट अघि बढ्नुपर्ने जिम्मेवारी थियो।

सन् १९५१ को अन्त्यतिर उनका पुराना मित्र अल्बर्तो ग्रानाडोसँग उनी मोटरसाइकल यात्रामा निस्किए। ग्रानाडो जीवरसायनशास्त्री (द्यष्यअजभफ्कत) थिए र चिकित्सा तथा कुष्ठरोग उपचारमा रुचि राख्थे। 'ला पोदेरोसा' नाम दिइएको पुरानो नोर्टन मोटरसाइकलमा सुरु भएको यात्रा चिली, पेरु, कोलम्बिया हुँदै भेनेजुएलासम्म पुग्यो । बाटोमा उनीहरूले खानी मजदुर, भूमिबाट विस्थापित आदिवासी र अभावमा बाँचिरहेका मानिसहरू देखे। चिलीको चुकिकामाता खानीमा सिलिकोसिसबाट पीडित मजदुरहरू र उनीहरूको कठोर श्रम जीवनले उनलाई विशेष रूपमा छोयो। चेलाई अब रोग केवल शरीरमा देखिन छाडेको थियो। मानिसलाई रोगी बनाउने जीवन, श्रम र सत्ताको सम्बन्ध पनि उनको आँखामा छर्लङ्ग हुन थालेको थियो।

ग्वाटेमालाले त्यो दृष्टिलाई अर्को मोड दियो । राष्ट्रपति हाकोबो आर्बेन्जले भूमिहीन किसानलाई जमिन उपलब्ध गराउने उद्देश्यले कृषि सुधार अघि बढाएका थिए। त्यसले ठूला जमिन्दार र युनाइटेड फ्रुट कम्पनीको हितमा समेत धक्का दिएको थियो। सन् १९५४ मा अमेरिकी समर्थन र सीआईएको भूमिकासहितको सैन्य हस्तक्षेपले आर्बेन्ज सरकार ढाल्यो र सुधार उल्टाइयो।

ग्वाटेमालामा चेले एउटा कठोर कुरा देखे । पीडित मानिसको घाउमा मलम लगाएर मात्र पुग्दो रहेनछ। यदि पीडा कुनै सामाजिक संरचनाबाट पैदा भइरहेको छ भने, करुणाले अन्ततः त्यही संरचनातिर पनि हेर्नुपर्ने रहेछ। त्यसपछि करुणाले आफ्नो साधन खोज्न थाल्यो । मेक्सिकोमा सन् १९५५ मा राउल क्यास्ट्रोमार्फत फिडेल क्यास्ट्रोसँग चेको भेट भयो । राजनीतिक छलफलपछि चे क्युबा जाने अभियानमा सहभागी भए । सन् १९५६ मा 'ग्रान्मा' जहाजबाट उनी क्युबा पुगे । सिएरा मास्ट्राको गुरिल्ला युद्ध हुँदै सान्ता क्लारासम्म आइपुग्दा विद्रोहीहरूले बातिस्ता शासनको ठूलो सैन्य बललाई पराजित गरे। करुणाले अब बन्दुक देखिसकेको थियो। चेको आँखामा बन्दुक आफैँ लक्ष्य थिएन, समाज बदल्ने साधन थियो।

तर बन्दुक अन्तिम सत्य पनि थिएन ।क्युबाको सत्ता हातमा आएपछि चे बैंकको अध्यक्ष बने, उद्योगमन्त्री बने । आर्थिक संरचना बदल्ने कामसँगै मानिसको चेतना बदल्ने प्रश्न पनि उनको चिन्ताको केन्द्रमा रह्यो। सन् १९६१ को क्युबाली



साक्षरता अभियानमा सात लाखभन्दा बढी वयस्कले पढ्न-लेख्न सिके र साक्षरता दर करिब ९६ प्रतिशत पुग्यो।

त्यसैले उनका लागि समाजवाद केवल नयाँ आर्थिक सम्बन्ध बनाउने परियोजना थिएन । नयाँ समाजसँगै नयाँ मानिस पनि चाहिन्थ्यो । उनले लेखे, 'नयाँ भौतिक आधार निर्माणसँगै नयाँ मानिस निर्माण गर्नुपर्छ ।'मार्क्सवादलाई पनि उनले तयार सूत्रका रूपमा हेरेनन्। सन् १९६१ को एक अन्तर्वार्तामा चेले मार्क्सवादलाई विकासशील विज्ञानसँग तुलना गर्दै भने, 'हाम्रो विशेषता क्युबा हो ।' अरूले गरेको कुरा दोहोर्‍याउनु होइन, आफ्नै ऐतिहासिक परिस्थितिमा विचारलाई जाँच्नु उनको लक्ष्य थियो।

यसरी बन्दुक पनि उनका लागि लक्ष्यबाट साधनमा झर्‍यो। तर साधन जति शक्तिशाली हुन्छ, त्यसलाई समातेको हातको परीक्षा पनि त्यति नै ठूलो हुन्छ। करुणाले बन्दुकलाई परिवर्तनको माध्यम बनाउँदा प्रश्न केवल कसलाई पराजित गर्ने भन्ने हुँदैन; परिवर्तनपछि मानिस र समाज कस्तो बनाउने भन्ने प्रश्न पनि त्यसैसँग जोडिएर आउँछ।

यही प्रश्नको कठोर दृश्य ला काबान्यामा देखिन्छ। सन् १९५९ मा त्यस कारागारको जिम्मेवारी सम्हाल्दा चे क्रान्तिपछि पक्राउ परेकाहरूका मुद्दा र मृत्युदण्डसम्बन्धी निर्णय प्रक्रियामा संलग्न भए। त्यहाँ भएका मृत्युदण्डको सङ्ख्याबारे स्रोतहरूमा फरक आँकडा छन्, तर उनको प्रत्यक्ष जिम्मेवारी र संलग्नता विवादरहित ऐतिहासिक तथ्य हो।

साम्पाब्लोमा पन्जा नलगाई बिरामीको हात समात्ने युवक नै केही वर्षपछि क्रान्तिको नाममा राज्यको कठोर निर्णयमा उभिएको थियो। तर चेको आफ्नै शब्दमा यी दुई कुरा एकअर्काबाट अलग थिएनन् । साँचो क्रान्तिकारी ठूलो प्रेमबाट निर्देशित हुनुपर्छ, तर उसले भावुकता मात्र होइन, 'कठोर बुद्धि' पनि बोक्नुपर्छ र आवश्यक परे पीडादायी निर्णयबाट पछि हट्नु हुँदैन।

त्यसैगरी उनले मानवता, न्याय र सत्यको पर्याप्त मात्रा नभए क्रान्तिकारी चेतना कट्टरतामा फस्न सक्ने चेतावनी पनि दिए।

त्यसैले ला काबान्यालाई चेको करुणाबाट विचलनको छुट्टै कथा बनाइरहनु पर्दैन। करुणा कर्ममा बदलिएको थियो, कर्मले परिवर्तनको साधन खोजेको थियो र बन्दुक त्यही साधन बनेको थियो। ला काबान्या त्यही साधनले हातमा ल्याएको शक्तिले करुणालाई कति टाढासम्म बोक्न सक्छ भन्ने कठोर ऐतिहासिक परीक्षा बन्यो । चेको कथा यतिमै टुङ्गिँदैन । त्यो कथा टाढा नेपालसम्म आइपुग्दा आफ्नै पुरानो प्रतिध्वनि सुनिन्छ।

रोल्पा-रुकुमका भित्तामा जनयुद्धका बेला मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ र प्रचण्डका नाम र चित्रहरू देखिन्थे। थबाङमा पछि चेको छवि पनि थपियो, 'निरन्तर क्रान्ति'को प्रतीकका रूपमा।

तर थबाङको भित्तामा आइपुगेपछि चे अब केवल क्युबाको इतिहासमा सीमित हुँदैनन्। नेपालले आफ्नै यात्रालाई नियाल्न उनको बिम्बलाई प्रयोग गरिरहेझैँ देखिन्थ्यो। जनयुद्ध पनि पीडा, असमानता र परिवर्तनको आकाङ्क्षाबाट उठेको थियो । मानिसको दुःखलाई राजनीतिक परिवर्तनले निमिट्यान्न पार्ने दाबी थियो। पछि त्यही आन्दोलन सङ्गठन बन्यो, सत्ता बन्यो र सत्तासँगै मानिसबाट दूरीको प्रश्न पनि उठ्यो।

सन् २०१९ मै पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी नेतृत्वमा आत्मकेन्द्रित र व्यक्तिवादी प्रवृत्ति बढेको, वैचारिक तथा नैतिक चरित्र कमजोर भएको र जनताको आवश्यकताभन्दा आफ्नै आवश्यकतालाई महत्त्व दिने प्रवृत्ति देखिएको बताएका थिए। त्यस क्षणमा थबाङमा उभिएको चे अझ नजिक आउँछन्। जुन आन्दोलनले पीडित मानिसको पक्षमा परिवर्तनको भाषा बोल्यो, उसैले आफ्नो यात्रालाई सम्झँदा फेरि त्यही मानिसतिर फर्कनुपर्ने हुन्छ। चेको जीवनमा करुणाले पहिले पीडा देख्यो, त्यसपछि पीडाको संरचना देख्यो, त्यसलाई बदल्न बन्दुक समायो। सत्ता पाएपछि मानिसको चेतना बदल्ने प्रयास गर्‍यो। नेपालको आफ्नै राजनीतिक यात्रामा पनि यी शब्दहरू कहिल्यै अपरिचित थिएनन्।

चेको तस्बिर केवल डाक्टरको तस्बिर होइन, केवल गुरिल्लाको पनि होइन, केवल मन्त्री वा लेखकको पनि होइन। यी सबै तस्बिरभित्र एउटै मानिस देखिन्छ, जसले एकपटक अरूको पीडा नजिकबाट देख्यो र त्यसपछि पहिलेझैँ टाढै बसेर हेर्न सकेन। त्यसपछि चेको तस्बिर हेर्दा प्रश्न बन्दुकतिर होइन, त्यो बन्दुक समात्नुअघि पीडा छोएको हाततिर फर्किन्छ । कमरेड चे, जब करुणाले बन्दुकको अपरिहार्यता देख्छ, परिवर्तन अवश्यम्भावी हुन्छ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

# कांग्रेसको १५औँ महाधिवेशन रोक्न देउवा र खड्काको छुट्टाछुट्टै रिट

**टुडे समाचारदाता**



काठमाण्डु । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको आधिकारिकता विवाद फेरि सर्वोच्च अदालत पुगेको छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले छुट्टाछुट्टै रिट निवेदन सोमबार सर्वोच्च अदालतमा पेश गरेका छन् ।

गत शुक्रबार देउवा र खड्काका तर्फबाट सर्वोच्चमा पेश भएका दुई छुट्टाछुट्टै रिट थप अध्ययनका लागि भन्दै त्यही दिन प्रशासनले फिर्ता पठाइदिएको थियो। ती निवेदनमा केही परिमार्जन गरी फेरि सर्वोच्चमा पेश गरिएको छ । अब यी रिट निवेदन दर्ता प्रक्रियाका लागि सर्वोच्च प्रशासनले अध्ययन गर्नेछ ।

सर्वोच्च अदालत प्रशासनले कांग्रेसको आगामी पन्ध्रौँ महाधिवेशन रोक्न माग गर्दै दुईवटा रिट आएको र ती अध्ययनकै क्रममा रहेको जनाएको छ। सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले खड्काको तर्फबाट यसअघि दायर भएको मुद्दामा पुरक निवेदन पेश भएको बताएका छन् ।

देउवाले अन्तरिम आदेशमार्फत् कांग्रेसको १५औँ महाधिवेशनका सम्पूर्ण प्रक्रिया तत्काल रोक्न माग गरेका छन् । खड्काले पनि महाधिवेशनसम्बन्धी कार्यक्रम रोक्न माग गर्दै पुरक निवेदन दिएका छन् ।

तर साउन २९ देखि ३१ सम्म चलेको इतर पक्षको राष्ट्रिय भेलापछि खड्काको भूमिकाबारे प्रश्न उठेको छ । उनी ३१ गतेको समापन समारोहमा सहभागी भएनन् । त्यसपछि उनले आफूले कुनै रिट सर्वोच्च नलगेको जिकिर गरेका थिए। गत पुस अन्तिम साता भएको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित गगनकुमार थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले वैधानिकता दिएको थियो । आयोगको निर्णयविरुद्ध देउवा र खड्का सर्वोच्च पुगेका थिए । सर्वोच्चले पनि निर्वाचन आयोगको निर्णय सदर गरेपछि गगनले आधिकारिकता पाएका थिए।

त्यसपछि उक्त आदेश पुनरावलोकन गर्न देउवा र खड्काले निवेदन दिएका थिए । सर्वोच्चको पूर्ण इजलासले गत साउन २२ गते पुनरावलोकनका लागि निस्सा दिएपछि कांग्रेसको आधिकारिकता विवाद पुनः विचाराधीन अवस्थामा पुगेको छ।

देउवा पक्षले आधिकारिकता विवादको अन्तिम टुंगो नलागेसम्म गगन थापा नेतृत्वको कार्यसमितिले महाधिवेशनको प्रक्रिया अघि बढाउन नमिल्ने तर्क गरेको छ । सर्वोच्चले पुनरावलोकनका लागि अनुमति दिइसकेको अवस्थामा त्यसको फैसला नआउँदै महाधिवेशन प्रक्रिया अघि बढाउनु उचित नहुने उनीहरूले दाबी गरेको छ।

तर गगन नेतृत्वको संस्थापन पक्षले भने १५औँ महाधिवेशनको तयारीलाई निरन्तरता दिइरहेको छ। आगामी असोजमा महाधिवेशन गर्ने गरी कार्यतालिका सार्वजनिक भइसकेको छ । अहिले कांग्रेसले वडा तहबाटै अधिवेशनको तयारी अघि बढाएको छ।

यसअघि बिहीबार महाराजगञ्जस्थित नेता डा. शशांक कोइरालाको निवासमा बसेको १४औँ महाधिवेशनका पदाधिकारीसहितका नेताहरूको भेलाले महाधिवेशन प्रक्रिया रोक्न अदालत जाने निर्णय गरेको थियो।

कांग्रेस नेता डा. प्रकाशशरण महतले गगन थापा नेतृत्वको समूहले अदालतमा मुद्दा पुनरावलोकनका लागि पुगेपछि पनि आफ्नै ढंगले १५औँमहाधिवेशनको तयारी अघि बढाएकाले मुद्दाको टुंगो नलागेसम्म महाधिवेशनसम्बन्धी गतिविधि रोक्न अदालत जाने निर्णय गरिएको बताएका थिए।

का ं ग ्र े स भित्र आधिकारिकता र नेतृत्वको विवाद चर्किरहेका बेला एकातिर देउवा-खड्का पक्ष अदालतमार्फत महाधिवेशन रोक्ने प्रयासमा छ। अर्कोतिर सभापति थापा नेतृत्वको कांग्रेसले महाधिवेशन प्रक्रिया अघि बढाएको छ।

# समाजलाई प्रविधिभन्दा नैतिकता, आचरण र इमान्दारीको खाँचो छः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले आधुनिक प्रविधिको विकाससँगै समाजलाई नैतिकता, आचरण र इमान्दारीको खाँचो रहेको बताउनुभएको छ।

नेपाल जनप्रशासन संघद्वारा आयोजित हेमबहादुर मल्ल सम्मान वितरण समारोहलाई सम्बोधन गर्दै उहाँले प्रविधि र क्षमता अरूबाट लिएर पनि उपयोग गर्न सकिने भए पनि आचरण, नैतिकता र इमान्दारी व्यक्तिको अन्तस्करणसँग जोडिएको विषय भएको बताउनुभयो ।

"आधुनिक प्रविधिसँगै आधुनिक प्रशासन चाहिन्छ। तर आधुनिक प्रशासनको आधार पनि नैतिक र जिम्मेवार नेतृत्व नै हो भन्ने भावलाई बिर्सनु हुँदैन", राष्ट्रपति पौडेलले भन्नुभयो, "मलाई लाग्दछ, आज हाम्रो समाजलाई त्यही नैतिकता, आचरण र इमान्दारीको अलिक बढी खाँचो छ।"

प्रविधिको विकास र परिवर्तनको गति तीव्र भइरहेको उल्लेख गर्दै उहाँले कृत्रिम बौद्धिकता, डिजिटल शासन, विश्वव्यापीकरण र नयाँ आर्थिक संरचनाले प्रशासन तथा व्यवस्थापनका परम्परागत अभ्यासलाई समयानुकूल परिवर्तन गरिरहेको बताउनुभयो । "प्रविधि परिवर्तन भए पनि केही मूल्य कहिल्यै पुराना हुँदैनन् इमान्दारी, अनुशासन, जिम्मेवारी, नैतिकता, मानवता र सार्वजनिक हितप्रतिको प्रतिबद्धता", उहाँले भन्नुभयो।

राष्ट्रपति पौडेलले मुलुकको बदलिँदो परिवेशमा जनताको विकासको चाहना सुशासनका माध्यमबाट पूरा गर्नुपर्ने बताउनुभयो। सूचना प्रविधिको विकाससँगै विस्तार भएको विश्वव्यापीकरण र आधुनिकीकरणको वर्तमान समयमा राज्यको सफलता र विकासको मापन आर्थिक विकासका सूचकबाट मात्र गर्न नहुने उहाँको भनाइ थियो।

"जनताले राज्यबाट झन्झटरहित तरिकाले पाउने छिटोछरितो र गुणस्तरीय सेवा, निर्णय प्रक्रियाको पारदर्शिता, संस्थाको जवाफदेहिता, न्यायपूर्ण व्यवहार, विधिको शासन र सार्वजनिक संस्थाप्रतिको विश्वासलाई पनि हामीले बिर्सनु हुँदैन", उहाँले भन्नुभयो।

उहाँले दिगो विकास सक्षम संस्था, दक्ष संस्थागत नेतृत्वसहित उच्च नैतिकता, व्यावसायिकता र उत्तरदायित्वको संस्कृतिमा निर्भर रहने उल्लेख गर्नुभयो । नेपाल जनप्रशासन सङ्घजस्ता पेसागत तथा प्राज्ञिक संस्थाले नीति निर्माण, प्रशासनिक सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासनका क्षेत्रमा विगतमा जस्तै आगामी दिनमा पनि प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल जनप्रशासन सङ्घ र साल्ट ट्रेडिङ कर्पोरेसनले सफल प्रशासक तथा व्यवस्थापकका रूपमा स्थापित स्वर्गीय हेमबहादुर मल्लको योगदानलाई स्मरणीय बनाउन सम्मान कार्यक्रमलाई निरन्तरता दिनु खुसीको विषय भएको राष्ट्रपति पौडेलले बताउनुभयो । राज्य, पेसागत संस्था, सार्वजनिक संस्थान र समाजबीचको सहकार्यले राष्ट्रनिर्माणमा योगदान गर्नसक्ने उहाँको अभिमत थियो।

सबैको साझा प्रयासबाट मात्र न्यायपूर्ण, सक्षम, उत्तरदायी र समृद्ध नेपाल निर्माण गर्न सकिने उल्लेख गर्दै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै नागरिकको अपेक्षाअनुरूप देश विकासको चाहनालाई मूर्तरूप दिनु सबैको साझा दायित्व भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले हेमबहादुर मल्ल सम्मानबाट सम्मानित डा. रामकण्ठ माकजू श्रेष्ठ र रामेश्वरप्रसाद खनाललाई बधाई दिँदै सार्वजनिक सेवाप्रतिको उहाँहरूको समर्पण र राष्ट्रनिर्माणमा पुऱ्याएको योगदानको कदरस्वरूप सम्मान गरिएको बताउनुभयो। रासस

# 'धर्मनिरपेक्षताको कुरा गर्दा 'हिन्दूविरोधी' भनेर घृणा फैल्याए'

**टुडे समाचारदाता**



काठमाण्डु । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले केही स्वार्थप्रेरित व्यक्ति तथा समूहले राजनीतिक स्वार्थ पूरा गर्न आफूलाई 'हिन्दूविरोधी'का रूपमा चित्रित गर्ने प्रयास गरिरहेको बताएका छन् ।

सचिवालयमार्फत् गम्भीर ध्यानाकर्षण पत्र जारी गर्दै सोमबार उनले पुराना भिडियो तथा अभिव्यक्तिलाई तोडमरोड गर्ने, भ्रामक तस्बिर तथा पोस्टर बनाएर सामाजिक सञ्जालमा प्रचार गर्ने र धार्मिक घृणा तथा सामाजिक विभाजन फैलाउने गतिविधि भइरहेको जनाए।

सचिवालयले धर्मनिरपेक्षवादी हुनु कुनै धर्मको विरोध गर्नु नभएको स्पष्ट पारेको छ। धर्मनिरपेक्षताको मूल मर्म राज्यले सबै धर्म र आस्थाप्रति समान व्यवहार गर्नु तथा नागरिकलाई धर्म मान्ने, आस्था राख्ने वा नराख्ने स्वतन्त्रता सुनिश्चित गर्नु रहेको उनले बताए।

त्यस्तै, विज्ञानमा विश्वास गर्नु, वैज्ञानिक दृष्टिकोण अवलम्बन गर्नु वा नास्तिक हुनु व्यक्तिको वैचारिक स्वतन्त्रताको विषय भएको भन्दै त्यसलाई कुनै धर्म वा धार्मिक समुदायविरुद्धको गतिविधिका रूपमा प्रस्तुत गर्नु अनुचित भएको भट्टराईको सचिवालयले जनाएको छ।

हिन्दू धर्मभित्र रहेको जातव्यवस्था, जातीय विभेद तथा सामाजिक असमानताका विषयमा हुने बहसलाई केही हिन्दूवादी समूहले पूर्वाग्रहपूर्ण ढंगले प्रचारको विषय बनाएको आरोप पनि सचिवालयले लगाएको छ।

कुनै पनि धर्म, संस्कृति वा परम्पराभित्र रहेका सामाजिक अभ्यासमाथि प्रश्न उठाउनु, आलोचनात्मक बहस गर्नु र सुधारको पक्षमा आवाज उठाउनु लोकतान्त्रिक समाजको स्वाभाविक प्रक्रिया भएको सचिवालयले उल्लेख गरेको छ।

सामाजिक न्याय र समानताका पक्षमा हुने बहसलाई धर्म वा धार्मिक समुदायविरुद्धको घृणाका रूपमा व्याख्या गर्नु तथ्यलाई तोडमरोड गर्नु भएको उनको भनाइ छ।

पूर्वप्रधानमन्त्री भट्टराईका विचार तथा अभिव्यक्तिलाई समग्र सन्दर्भबाट अलग गरी पुराना सामग्रीको तोडमरोड र भ्रामक व्याख्यामार्फत प्रस्तुत गर्नु गैरजिम्मेवार राजनीतिक तथा सामाजिक व्यवहार भएको सचिवालयले जनाएको छ।

सचिवालयले पछिल्लो समय केही व्यक्तिले धम्कीपूर्ण तथा भय सिर्जना गर्ने सामग्री सामाजिक सञ्जालमा पोस्ट गर्ने गरेको र योजनाबद्ध रूपमा भ्रामक भाष्य निर्माण भइरहेको दाबीसमेत गरेको छ।

त्यस्ता गतिविधिले व्यक्तिको सुरक्षा र प्रतिष्ठामा मात्र नभई धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा राष्ट्रिय एकतामै असर पार्न सक्ने भन्दै सचिवालयले यसलाई सामान्य प्रचारबाजीका रूपमा नलिन आग्रह गरेको छ।

सचिवालयले धार्मिक तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने उद्देश्यले फैलाइएका भ्रामक, तोडमरोड गरिएका, धम्कीपूर्ण तथा घृणा उत्पन्न गर्ने सामग्रीबाट सतर्क रहन आम नागरिकलाई अपिल गरेको छ।

यसका साथै, यस्ता गतिविधिमा संलग्न व्यक्ति तथा समूह र उनीहरूले प्रयोग गरिरहेका सामाजिक सञ्जालका खातामाथि सरकारले निगरानी राखी आवश्यक अनुसन्धान गर्न तथा प्रचलित कानुनअनुसार कारबाही गर्न पनि आग्रह गरेको छ।

अभिव्यक्ति तथा वैचारिक स्वतन्त्रताको सम्मान गर्दै धार्मिक आस्था, व्यक्तिगत सुरक्षा, प्रतिष्ठा तथा सामाजिक सद्भावमा आघात पुऱ्याउने गतिविधिमा राज्यले प्रभावकारी कानुनी हस्तक्षेप गर्नुपर्ने सचिवालयले जनाएको छ।

# 'गरिबहरूको मात्रै घरटहरा नभत्काइयोस्'

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले शनिबारदेखि जनकपुरमा सार्वजनिक जग्गामा रहेका पोखरी आसपासको अधिग्रहण हटाउने क्रममा डोजर चलेको विषय संसद्मा उठाएका छन् ।




'त्यसक्रममा सातवटा पोखरी र लगभग ६५ वटा त्यहाँको घरहरू क्लियर गरिएको छ' सांसद झाले प्रतिनिधिसभाको बैठकमा भने।

यस घटनाबारे नागरिकमा केही आशंका रहेको उनले बताए।

सांसद झाले भने, 'एक किसिमको त्रास जनकपुरमा के छ भने, आशंका पनि छ त्रास भन्दा कहिँ गरिबहरुको मात्र बस्ती हटाउने र ठूलाबडालाई नछुने हो कि भनेर।'

आफूले गुठी संस्थानसँग गरेको समन्वयमा १५ दिनभित्र ठूला बडाको होटल, पोखरी मिचेर बनाइएको होटलको पार्किङ, पोखरी मिचेर बनाइएको अस्पताल, पोखरी मिचेर बनाइएको अरु संरचना, पोखरी मिचेर बनाइएको र भाडामा लगाइएको जमिन जसको निजी व्यक्तिहरुले भाडा खाइरहेका छन् यी ठाउँहरु पनि धेरै चाँडो नोटिस दिएर त्यसलाई खाली गराइने जानकारी पाएको उनले भने।

सांसद झाले जनकपुरधाम नेपालको सम्भवतः उपमहानगरपालिकाहरुमध्ये सबैभन्दा धेरै सार्वजनिक जमिन भएको ठाउँ हो । जहाँ २०६२ सालमा सालमा भोजराज घिमिरेको नेतृत्वमा निकालिएको प्रतिवेदनमा लगभग ९५० बिघा जमिन अपचलन गरिएको, अधिग्रहण गरिएको र दुरुपयोग गरिएको भनेर रिपोर्ट आएको थियो।

त्यही रिपोर्टको आधारमा अहिले हटाउने काम भइरहेको सांसद झाले बताए। उनले प्रधानमन्त्रीलाई सम्बोधन गर्दै गरिबहरूको मात्रै घरटहरा नभत्काइयोस् भनेर आग्रह गरेका छन्।

सांसद झाले भनेका छन्, 'संघीय सरकारको तर्फबाट प्रधानमन्त्रीज्युको पनि विशेष ध्यान राखेर जुन काम भइराखेको छ त्यसप्रति हामी कृतज्ञ छौं जनकपुर बासीको तर्फबाट । तर फेरि पनि हामी एउटा अनुरोध गर्न चाहन्छौं कि, यो लक्ष्य र यो प्रहार केवल गरिबहरुमाथि मात्र नहोस्।'

राज्यले समान व्यवहार गर्नुपर्ने उनले आग्रह गरेका छन् । सांसद झाले थप्दै भनेका छन्, 'यसमा सबैमाथि समान व्यवहार गरियोस् र यसको लक्ष्य जनकपुरको त्यो ९५० बिघा जमिन जुन अधिग्रहण गरिएको छ त्यसको संरक्षण गर्ने र सार्वजनिक रुपमै त्यसलाई फर्काउने अभियान सफल होस्, सजग होस् भन्ने सन्तुलित अनुरोध छ।'

# 'नेपाललाई शक्ति राष्ट्रको 'भू-राजनीतिक प्रयोगशाला' नबनाइयोस्'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सांसद खड्गबहादुर शाहीले मुस्ताङ क्षेत्रमा भइरहेका विदेशी गतिविधि र तिब्बती मामिलाका सम्बन्धमा सरकारसँग जवाफ माग गरेका छन् ।




मुस्ताङ केवल पर्यटकीय क्षेत्र मात्र नभई उत्तरी सीमासँग जोडिएको रणनीतिक क्षेत्र भएको उल्लेख गर्दै उनले त्यहाँ हुने वैदेशिक सक्रियताले कूटनीतिक संवेदनशीलता बढाएको बताए।

प्रतिनिधि सभाको सोमबारको बैठकमा सुन्य समयमा सांसद शाहीले अमेरिकी दूतावासका प्रतिनिधिहरू मुस्ताङको लो मान्थाङ पुगेर सांस्कृतिक सम्पदा संरक्षणका नाममा स्थानीय नेतृत्वसँग भेटघाट गरेको विषयमा सरकारको धारणा मागेका छन्। 'यदि अमेरिकी प्रतिनिधिहरू मुस्ताङ पुगेका हुन् भने उनीहरूको भ्रमणको उद्देश्य के थियो ? कुन परियोजनाका लागि उनीहरू त्यहाँ पुगे र त्यसबारे परराष्ट्र र गृह मन्त्रालयलाई पूर्वजानकारी थियो कि थिएन ?।' शाहीले प्रश्न गरे।

सांसद शाहीले पछिल्लो समय काठमाण्डुमा भएको अन्तर्राष्ट्रिय तिब्बती अध्ययन सम्मेलन र मुस्ताङमा भइरहेका गतिविधिलाई जोडेर नेपाल पुनः चीन, अमेरिका र तिब्बती मामिलाको त्रिकोणीय कूटनीतिक संवेदनशीलताबीच देखिएको बताए। उनले यी गतिविधिहरू केवल संयोग मात्र हुन् कि यसभित्र कुनै रणनीतिक उद्देश्य लुकेको छ भनी सरकारसँग तथ्यपूर्ण जवाफ मागेका छन् ।

नेपाल आफ्नो एक चीन नीति प्रति प्रतिबद्ध रहेको स्मरण गराउँदै शाहीले कुनै पनि विदेशी शक्तिले नेपाली भूमि प्रयोग गरेर नेपालको घोषित परराष्ट्र नीतिविपरीतका गतिविधि गर्न नहुनेमा जोड दिए। 'नेपालको भूमि कुनै पनि मित्रराष्ट्र वा शक्ति राष्ट्रको 'जियोपोलिटिकल एक्सपेरिमेन्टेशन' (भू-राजनीतिक प्रयोग) को मैदान नबनोस्,' उनले भने, 'नेपालको परराष्ट्र नीति कसैको दबाब वा रणनीतिक स्वार्थबाट सञ्चालन हुनुहुँदैन।'

सांसद शाहीले प्रधानमन्त्रीको भ्रमण, सुरक्षा संयन्त्रको परिचालन र विदेशी प्रतिनिधिहरूसँग हुने भेटघाटहरूका बीच कुनै साझा सम्बन्ध वा उद्देश्य छ कि छैन भनी प्रश्न गरेका छन्। उनले राष्ट्रिय सुरक्षा र परराष्ट्र नीति सरकारको निजी विषय नभई राष्ट्रको साझा विषय भएकाले यसमा पारदर्शिता हुनुपर्ने बताएका छन् ।रासस

# 'प्रधानमन्त्री के चाख्न मुस्ताङ गएका हुन् ?'



**टुडे समाचारदाता**

काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष एवम् संसदीय दलका नेता हर्क साम्पाङले प्रधानमन्त्री बालेन शाहको मुस्ताङ भ्रमणबारे संसद्मा प्रश्न तेर्साएका छन् ।

प्रतिनिधिसभा बैठकमा सोमबार बोल्दै उनले प्रधानमन्त्री पदको निजी जीवन नहुने पनि उल्लेख गरे । प्रधानमन्त्री शाह एक्लै नभएर सरकारी गाडी र सेना लिएर मुस्ताङ गएको उनले बताए।

अध्यक्ष साम्पाङले भने, ' उहाँ मन्त्रिपरिषद्, संसदलाई सूचना नदिई जानुभएको ? के खान जानुभएको ? हावा थिएन भने काठमाडौंमा हावा छ। मुस्ताङमा स्याउ पनि फलेको थिएन होला अहिले,' साम्पाङले भने, 'के चाख्न जानुभएको हो, त्यो भन्नुपर्छ । सदनमा जवाफ दिनुपर्छ।'

त्यस्तै उनले बलात्कारको घटनाबारे बोल्दै कडा कानुन बनाउनुपर्नेमा पनि जोड दिएका छन् । अध्यक्ष साम्पाङले नेपालको कानुन कमजोर कि त्यसलाई चलाउने मान्छे भनेर पनि संसद्मा प्रश्न गरेका छन् ।

# 'हाम्रो सरकारको प्रभाव र विश्वास जनतामा घट्दै गयो'

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अमरेश कुमार सिंहले आफूहरूको सरकारको प्रभाव र विश्वास जनतामा घट्दै गएको प्रति चिन्ता व्यक्त गरेका छन् ।



प्रतिनिधिसभाकाको बैठकमा सोमबार बोल्दै उनले तीन वर्षीय बालिकाको बलात्कारपछिको घटना र सप्तरीको बालिकाको हत्याको घटनाले मर्माहत बनाएको बताए।

सांसद सिंहले प्रश्न गर्दै भने, 'यो हाम्रो समाज, यो देश कता गइरहेको छ ?' यहाँनेर उनले सरकारसँग जनताको विश्वासको कुरा जोडेका छन् ।

उनले भने, 'यो दुइटा घटनालाई मात्रै हेर्न मिल्दैन । हाम्रो सरकार बनेदेखि चाहे कप्तानगञ्जको घटना होस्, धार्मिक र सामाजिक सद्भावको कुरा होस् । या बिभिन्न किसिमका आन्दोलन होस् । मिटरब्याज पीडितको होस्, लघुवित्त पीडितको होस् चाहे डाक्टरको होस् दिनका दिन भइरहेको छ' सांसद सिंहले भने, 'यसले के देखाउँछ कि, हाम्रो सरकारको प्रभाव र विश्वास जनतामा घट्दै गइरहेको छ।'

अराजकता, अस्थिरता, हत्या, हिंसा, बलात्कार जस्ता घटना बढेको भनेर उनले सरकारको ध्यानाकर्षण गरे । यी घटना र बिभिन्न आन्दोलनका घटनाले नेपाली जनता दुःखमा रहेको देखाउने पनि उनले बताए।

जब समाजमा बेतिथी हुन्छ, विश्वास र भरोसा टुट्छ त्यो समाजमा अपराध बढ्ने सांसद सिंहले बताएका छन् ।

# फ्रान्सले दुई इरानी कूटनीतिज्ञ निष्कासन गर्ने निर्णयप्रति इरानको आपत्ति

एएफपी । इरानको विदेश मन्त्रालयले दुई फ्रान्सेली कूटनीतिज्ञमाथि लगाइएको प्रतिबन्धको जवाफमा फ्रान्सले दुई इरानी कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय गरेको भन्दै त्यसलाई 'गैरकानुनी' कदम भनेको छ ।

मन्त्रालयका प्रवक्ता इस्माइल बाकायीले सोमबार आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा इरानले चालेको कानुनी कदमको जवाफमा फ्रान्सले गरेको निर्णयले दुई देशबीचको सम्बन्ध सुधारमा कुनै योगदान नगर्ने बताउनुभयो ।

फ्रान्सका विदेशमन्त्री जाँ-नोएल बारोटले फ्रान्समा रहेका दुई इरानी कूटनीतिज्ञलाई आगामी दिनमा निष्कासन गरिने घोषणा गर्नुभएको थियो ।

बारोटका अनुसार गत महिना तेहरानमा छोटो समयका लागि हिरासतमा लिइएका फ्रान्सेली कूटनीतिज्ञमाथि भएको असह्य व्यवहारको जवाफस्वरूप फ्रान्सले यस्तो कदम चालेको हो ।

उहाँले ती कूटनीतिज्ञलाई इरानी अधिकारीले 'कूटनीतिक उन्मुक्तिको गम्भीर उल्लङ्घन' गर्दै निशाना बनाएको बताउनुभएको थियो । उनीहरूले इरानको सुरक्षा निकायबाट अत्यन्त गम्भीर प्रकृतिको धम्कीपूर्ण व्यवहार समेत सामना गर्नुपरेको उहाँको भनाइ थियो ।



"इरानको कानुनी कदमको जवाफमा फ्रान्सले चालेको कदम गैरकानुनी हो र यसले द्विपक्षीय सम्बन्धमा कुनै पनि हिसाबले मद्दत गर्दैन," उहाँले भन्नुभयो ।

बाकायीले गत साता जुलाईमा इरानको आन्तरिक मामिलामा 'हस्तक्षेप' गरेको आरोपमा छोटो समयका लागि पक्राउ परेका दुई फ्रान्सेली कूटनीतिज्ञलाई इरान फर्कन अनुमति नदिइने बताउनुभएको थियो ।

त्यसको प्रतिक्रियामा यसअघि बाकायीले फ्रान्सेली कूटनीतिज्ञहरूको गतिविधिका लागि पेरिसले माफी माग्नुपर्ने बताउनुभएको थियो । उहाँका अनुसार ती गतिविधिले कूटनीतिक सम्बन्धसम्बन्धी भियना महासन्धिको उल्लङ्घन गरेका थिए ।

# युक्रेनलाई हवाई रक्षा जुटाउन युरोपेली समर्थक एकजुट



एएफपी । रुसी हवाई आक्रमण तीव्र बन्दै गएपछि युक्रेनलाई थप हवाई रक्षा प्रणाली र क्षेप्यास्त्र उपलब्ध गराउने विषयमा प्रमुख युरोपेली समर्थक राष्ट्रहरू किएभमा भेला भएका छन् । बेलायत, फ्रान्स र जर्मनीका नेताहरूले 'कोएलिसन अफ द विलिङ' को बैठकमार्फत युक्रेनलाई सैन्य सहयोग बढाउने तथा रुसमाथि दबाब कायम राख्ने प्रयास गर्न लागेका हुन् ।

बेलायतका प्रधानमन्त्री एन्डी बर्नह्यामले पदभार सम्हालेपछिको पहिलो अन्तर ाष्ट्रिय भ्रमणका क्रममा किएभ पुगेर बैठकको सहअध्यक्षता गर्नुहुनेछ । युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टासहित अन्य नेताहरू पनि प्रत्यक्ष वा भर्चुअल रूपमा सहभागी हुने अपेक्षा गरिएको छ ।

रुसले पछिल्ला सातामा किएभलगायत युक्रेनी सहरमा ब्यालेस्टिक क्षेप्यास्त्रबाट आक्रमण बढाएको छ । अपार्टमेन्टलगायत नागरिक संरचनामा भएका आक्रमणमा दर्जनौं मानिसको मृत्यु भएको छ । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले प्रत्येक ठूला आक्रमणपछि थप हवाई रक्षा प्रणाली उपलब्ध गराउन सहयोगी राष्ट्रसँग आग्रह गर्दै आउनुभएको छ ।

युक्रेनले पनि रुसका रसद तथा ऊर्जा पूर्वाधारमाथि लामो दूरीका आक्रमण बढाएको छ । रुसी ई-कमर्स कम्पनी ओजोनका क्रास्नोडार र मखचकालास्थित गोदाममा आगलागी भएको कम्पनीले जनाएको छ । ड्रोन आक्रमणको जोखिमका कारण केही अन्य स्थलसमेत खाली गरिएको बताइएको छ। रुसी अधिकारीहरूले युक्रेनी ड्रोनको भग्नावशेष खस्दा दुई बालबालिकाको मृत्यु र नौ जना घाइते भएको जनाएका छन् ।

युक्रेनले सोमबार ३५औँ स्वतन्त्रता दिवस मनाइरहेको छ । किएभ पुग्नुअघि प्रधानमन्त्री बर्नह्यामले न्यायपूर्ण र स्थायी शान्ति कायम नभएसम्म बेलायत युक्रेनको साथमा रहने बताउनुभएको छ ।

युक्रेनको हवाई रक्षा क्षमता बढाउन बेलायतले एससीएएलपी क्षेप्यास्त्रको स्थानीय उत्पादन तथा संयोजनमा सहयोग गर्ने भएको छ । युक्रेन र फ्रान्सलाई आवश्यक वर्गीकृत जानकारी उपलब्ध गराउन रक्षा कम्पनी एमबीडीसँग सहमति भएको बेलायतले जनाएको छ । फ्रान्सले पनि नयाँ इन्टरसेप्टर क्षेप्यास्त्र उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

युक्रेनका लागि हवाई रक्षा चुनौती भने बढ्दो छ । रुसका ब्यालेस्टिक क्षेप्यास्त्र तीव्र गतिमा प्रहार हुने भएकाले तिनलाई रोक्न कठिन हुने बताइएको छ । युक्रेन मुख्यतः अमेरिकी प्याट्रियट इन्टरसेप्टरमा निर्भर रहँदै आएको छ ।

राष्ट्रपति जेलेन्स्कीका अनुसार सन् २०२३ मा युक्रेनले ६७५ वटा प्याट्रियट इन्टरसेप्टर पाएकोमा सन् २०२५ मा ३६४ वटा र सन् २०२६ मा हालसम्म २६४ वटा प्राप्त हुने अनुमान छ । आगामी जाडोका लागि कम्तीमा ३०० वटा आवश्यक रहेको उहाँले बताउनुभएको छ । रुसले मासिक करिब १०० वटा ब्यालेस्टिक क्षेप्यास्त्र उत्पादन गर्न सक्ने उहाँको दाबी छ ।

अमेरिका इरानसँगको युद्धका कारण क्षेप्यास्त्र अभावमा रहेकाले युक्रेनलाई ठूलो सङ्ख्यामा इन्टरसेप्टर उपलब्ध गराउन कठिनाइ भइरहेको छ । यसैबीच, 'कोएलिसन अफ द विलिङ' युद्धविरामपछि युक्रेनमा शान्ति सेना परिचालन गर्न इच्छुक देशहरूको समूहका रूपमा सुरु भए पनि अहिले युक्रेनलाई सैन्य सहयोग जुटाउने र रुसमाथि दबाब बढाउने प्रमुख मञ्चका रूपमा विकसित भएको छ ।

# इरानविरुद्ध ट्रम्पको आर्थिक युद्ध घोषणापछि तेलको मूल्यमा गिरावट

एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध कडा आर्थिक कारबाही घोषणा गरेपछि सोमबार तेलको मूल्यमा गिरावट आएको छ ।



एसियाली बजारमा पनि सुरुआती कारोबारमा अधिकांश प्रमुख सूचक ओरालो लागेका छन् । दक्षिण कोरियाको प्रविधि क्षेत्र केन्द्रित कोस्पी सूचकाङ्क एक दशमलव चार प्रतिशतले घटेको छ । टोकियो, साङ्घाई, ताइपेई र वेलिङ्टनका बजारमा पनि गिरावट आएको छ भने सिड्नी, जकार्ता र बैङ्ककमा वृद्धि देखिएको छ । मनिला र क्वालालम्पुरका बजार भने स्थिर रहेका छन् ।

यसैबीच, कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा लगानीकर्ताको चासो बढिरहेका बेला विश्वकै मूल्यवान कम्पनीमध्ये एक अमेरिकी चिप निर्माता एनभिडियाको आगामी आम्दानी प्रतिवेदनप्रति पनि बजारको ध्यान केन्द्रित भएको छ । एआई प्रविधिको तीव्र विस्तारले कम्पनीहरूको उच्च लगानीलाई निरन्तरता दिन सक्ने वा नसक्ने विषयमा लगानीकर्ता आशावादी र चिन्तित दुवै देखिएका छन् ।

एसपीआई एसेट म्यानेजमेन्टका स्टेफन इनिसले एआई क्षेत्रमा लगानी जारी रहे पनि त्यसको लागत बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार एनभिडियाले ठूलो लगानीबाट प्रतिफल प्राप्त गर्न सक्ने क्षमता प्रमाणित गर्नुपर्ने चुनौती छ ।

चिनियाँ प्रविधि कम्पनी अलिबाबाले पनि एआई क्षेत्रमा लगानी विस्तार गर्न आइतबार हङकङमा १० दशमलव दुई अर्ब अमेरिकी डलर बराबरको नयाँ शेयर निष्कासन गर्ने योजना सार्वजनिक गरेको छ । कम्पनीले उक्त रकम आफ्नो विश्वव्यापी एआई पूर्वाधार र प्रविधि विस्तारमा प्रयोग गर्ने जनाएको छ ।

हङकङको सेयर बजार सोमबार दुई प्रतिशतभन्दा बढीले घटेको छ । 'फास्ट फेसन' कम्पनी शिनले आगामी सेप्टेम्बर १ मा हङकङमा शेयर सूचीकरण गर्ने घोषणा गरे पनि बजारमा त्यसको सकारात्मक प्रभाव देखिएन । कम्पनीको सूचीकरणबाट मूल्याङ्कन करिब २७ अर्ब डलर पुग्ने अनुमान गरिएको छ ।

यसैबीच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले इरानमाथि थप आर्थिक दबाब बढाउने योजनाबारे सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी दिने अपेक्षा गरिएको छ ।

अमेरिकाले आफ्ना सहयोगी राष्ट्र तथा चीनलाई पनि उक्त अभियानमा सहभागी हुन आग्रह गरेको छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानमाथि आर्थिक दबाब बढाउने योजना 'नाजुक नृत्य' जस्तै भएको टिप्पणी गर्नुभएको छ । बेसेन्टले चीनलाई पनि अमेरिकी अभियानमा सहमत हुन आग्रह गर्नुभएको छ ।

यसैबीच, ब्रेन्ट कच्चा तेलको मूल्य दुई दशमलव तीन प्रतिशतले घटेर प्रतिब्यारेल ९२ डलर आसपास पुगेको छ । अमेरिकी कच्चा तेलको मूल्यमा पनि समान दरले गिरावट आएको छ ।

लगानीकर्ताको ध्यान यस साता अमेरिकाको ज्याक्सन होलमा हुने केन्द्रीय बैङ्कका अधिकारी, अर्थशास्त्री तथा वित्तीय क्षेत्रका प्रमुखहरूको वार्षिक भेलातर्फ पनि केन्द्रित भएको छ । उनीहरूले अमेरिकी मौद्रिक नीतिको आगामी दिशाबारे थप सङ्केतको अपेक्षा गरेका छन् ।

अमेरिकी मुद्रास्फीति र बढ्दो सरकारी ऋणका कारण अमेरिकी ट्रेजरी बन्डको प्रतिफलमा वृद्धि भएको छ । अमेरिकाको सङ्घीय ऋण ४० ट्रिलियन डलरभन्दा माथि पुगेको बताइएको छ ।

# थाइल्यान्डमा ५१ स्थानमा हिंसा

एएफपी । थाइल्यान्डका दक्षिणी तीन प्रान्तमा एकै रात ५१ स्थानमा बम विस्फोट, आगजनी र तोडफोड भएपछि प्रधानमन्त्री अनुतिन चार्नविराकुलले आइतबार उच्चस्तरीय सुरक्षा अधिकार ीसँग आकस्मिक बैठक गर्नुभएको छ । उत्तरमा बाढीको सङ्कटबीच दक्षिणमा सुरक्षा अवस्था बिग्रिएपछि उहाँले सुरक्षा निकायका प्रमुखसँग छलफल गर्नुभएको हो ।



नाराथिवाट, पट्टानी र यालामा भएका घटनामा तीन जना सर्वसाधारण घाइते भएका छन् । अधिकांश घटनामा साना बम विस्फोट, आगजनी तथा सम्पत्तिमा क्षति पुऱ्याइएको थियो । पट्टानीस्थित ७-इलेभेन पसलमा भएको आगजनी र नाराथिवाटमा रेलमार्गमा गरिएको बम विस्फोट प्रमुख घटनामा परेका छन् । रेलमार्गमा क्षति पुगेपछि स्थानीय तथा लामो दूरीका रेल सेवा प्रभावित भएका छन् ।

घटनाको जिम्मेवारी तत्काल कुनै समूहले लिएको छैन । यद्यपि, दक्षिणी थाइल्यान्डमा सक्रिय विद्रोही समूह बारिसन रिभोलुसी नेसनल मेलायु पटानी (बीआरएन) माथि यस्ता आक्रमणको आशङ्का गरिँदै आएको छ। बीआरएनले मुस्लिम बहुल दक्षिणी प्रान्तमा बढी स्वायत्तताको माग गर्दै आएको छ र थाई सरकारसँग शान्तिवार्ता पनि गर्दै आएको छ ।

नाराथिवाट, पट्टानी र याला थाइल्यान्डका मुस्लिम बहुल दक्षिणी प्रान्त हुन् । त्यहाँको मुस्लिम समुदायले लामो समयदेखि आफूहरूलाई विभेद गरिएको गुनासो गर्दै आएको छ । पृथकतावादी आन्दोलन दशकौँदेखि सक्रिय भए पनि सन् २००४ पछि हिंसा तीव्र भएको थियो । 'डिप साउथ वाच' का अनुसार पछिल्ला २२ वर्षमा यस क्षेत्रको हिंसामा सात हजार ८३७ जनाको मृत्यु भएको छ ।

गत जुलाईमा नाराथिवाटको सुरक्षा चौकीमा भएको आक्रमणमा पाँच अर्धसैनिकको मृत्यु भएको थियो भने १० वर्षीय बालकसहित छ जना सर्वसाधारण घाइते भएका थिए ।

स्वतन्त्र सुरक्षा विश्लेषक डन पठानका अनुसार बीआरएनले सरकारसँगको वार्तामा आफ्नो प्रभाव बढाउन हिंसात्मक गतिविधि गर्ने गरेको छ । पछिल्ला घटनामा ठूलो सङ्ख्यामा मानिसको हत्या गर्नेभन्दा आफ्नो क्षमता प्रदर्शन गर्दै सरकारलाई दबाब दिने उद्देश्य देखिएको उहाँको विश्लेषण छ ।

प्रधानमन्त्री अनुतिनले सुरक्षा बैठकपछि बाढी प्रभावित उत्तरी नान प्रान्तको निरीक्षण गर्नुभएको थियो । दक्षिणी क्षेत्रमा भएको समन्वित हिंसाले शान्तिवार्ताका बीच पनि सुरक्षा चुनौती कायमै रहेको देखाएको छ ।

# नेपालद्वारा होबार्ट हुरिकेन्सलाई १५५ रनको लक्ष्य



काठमाण्डु । अस्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजअन्तर्गत आज भएको खेलमा नेपाल 'ए' टोलीले होबार्ट हुरिकेन्स एकेडेमीलाई जितका लागि १५५ रनको लक्ष्य दिएको छ । अस्ट्रेलियाको डार्विनस्थित मारारा क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको नेपाली टोलीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १५४ रनको योगफल बनाएको हो ।

नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ३९ रन बनाए । उनले ३४ बलमा छ चौकाको सहयोगमा ३९ रन जोडेका हुन् । त्यस्तै मायन यादवले ३१ रन बनाए भने कप्तान अनिल साहले २८ तथा लोकेश बम २० रनमा अविजित रहे ।

त्यसैगरी तृतराज दासले १०, नारायण जोशीले चार, पवन सर्राफले तीन, बिपिन खत्रीले दुई तथा युवराज खत्रीले र शाहब आलमले समान एक/एक रन जोडे ।

बलिङतर्फ होबार्ट हुरिकेन्स एकेडेमीका राफ म्याकमिलनले सर्वाधिक तीन विकेट लिए भने मार्कस बिनले दुई विकेट झारे । त्यस्तै ब्राड्ली होप र निवेथन राधाकृष्णनले समान एक/एक विकेट लिए । रासस

# टोरेसको २ गोलमा पीएसजी र रेनेसको बराबरी

एजेन्सी । फेरान टोरेसले दुई गोल गर्दै उत्कृष्ट पुनरागमनमा योगदान दिएपछि पेरिस सेन्ट जर्मेन (पिएसजी) ले लिग वानको पहिलो खेलमा रेनेससंग २/२ गोलको बराबरी खेलेको छ ।



रेनेसले पहिलो हाफमै २/० को अग्रता लिएपछि पिएसजी दबाबमा परेको थियो। सेबास्टियन स्जिमान्स्कीले नवौँ मिनेटमा गोल गर्दै रेनेसलाई अग्रता दिलाए भने एस्टेबान लेपौलले ३१ औं मिनेटमा अर्को गोल थपेको थियो ।

तर दोस्रो हाफमा पीएसजीले खेलको अवस्था उल्टायो। प्रशिक्षक लुइस एनरिकेले बालोन डी'ओर विजेता ओस्मान डेम्बेलेको स्थानमा फेरान टोरेसलाई मैदानमा उतारेका थिए ।

टोरेसले ७१औँ मिनेटमा पहिलो गोल गर्दै पिएसजीलाई खेलमा फर्काएका थिए । त्यसको ११ मिनेटपछि उनले व्यक्तिगत दोस्रो गोल गर्दै खेल २-२ को बराबरीमा पुऱ्याएका थिए ।

२६ वर्षीय टोरेस अगस्ट १५ मा ४ करोड २७ लाख पाउन्डमा बार्सिलोनाबाट पिएसजीमा आबद्ध भएका थिए । स्पेनलाई विश्वकप जिताउँदा निर्णायक गोल गरेका टोरेसले आफ्नो नयाँ क्लबका लागि पहिलो लिग खेलमै प्रभावशाली प्रदर्शन गरेका थिए ।

गत सिजन छैटौँ स्थानमा रहेको रेनेसले पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गरे पनि दोस्रो हाफमा पीएसजीको आक्रामक दबाब थेग्न सकेन ।

साविक विजेता पिएसजीले घरेलु मैदानमा लिग वानको उपाधि रक्षा अभियान सुरु गर्ने तयारी गरेको थियो । तर अत्यधिक गर्मीका कारण पेरिसस्थित मैदानमा क्षति पुगेपछि खेल ब्रिटनीमा सारिएको थियो ।

पिएसजी लगातार छैटौँपटक लिग वानको उपाधि जित्ने लक्ष्यमा छ । यसका साथै, टोलीले लगातार तेस्रोपटक च्याम्पियन्स लिगको उपाधि जित्ने महत्वाकांक्षासहित नयाँ सिजन शुरु गरेको छ ।

# बार्सिलोनाको सानदार सुरुवात



एजेन्सी । बार्सिलोनाले २०२६/२७ सिजनको ला लिगा अभियानमा सानदार सुरुवात गरेको छ । राफिन्हा र फर्मिन लोपेजले समान २ गोल गरेपछि बार्सिलोनाले एल्चेलाई ५-० ले पराजित गरेको छ ।

स्टाडियो म्यानुएल मार्टिनेज भालेरोमा बार्सिलोनाले १४औं मिनेटमै अग्रता लिएको थियो । एल्चेका भिक्टर चुस्तले राफिन्हाको जर्सी तानेपछि प्राप्त पेनाल्टीमा राफिन्हाले कुनै गल्ती गरेनन् ।

पहिलो हाफको इन्जुरी समयमा बार्सिलोनाले अग्रता दोब्बर बनाएको थियो। राफिन्हाको पासमा करिम अदेयेमीले गोल गर्दै ला लिगा डेब्यु खेललाई स्मरणीय बनाए ।

दोस्रो हाफमा प्रशिक्षक हान्सी फ्लिकले लामिन यामाललाई विश्राम दिँदै एन्थोनी गोर्डनलाई मैदानमा पठाएका थिए । ला लिगामा डेब्यु गरिरहेका गोर्डनले मैदान प्रवेश गरेलगत्तै प्रभाव देखाएका थिए । उनको उत्कृष्ट पासमा राफिन्हाले ६० औं मिनेटतिर व्यक्तिगत दोस्रो गोल गर्दै बार्सिलोनालाई ३-० को अग्रता दिलाएका थिए ।

चार मिनेटपछि गोर्डनकै पासमा फर्मिनले सहज गोल गर्दै टोलीको अग्रता ४-० बनाएको थियो । एल्चेले केही समयपछि गोल गर्ने राम्रो अवसर पाए पनि फाकुन्डो बुओनानोटेको प्रहार बारमा लागेर फर्किएको थियो ।

७९औं मिनेटमा फर्मिनले व्यक्तिगत दोस्रो गोल गरेपछि बार्सिलोनाको जित ५-० मा निश्चित भयो। उनले डिफेन्डरलाई छक्याउँदै नजिकैबाट उत्कृष्ट फिनिसिङ गरेका थिए ।

गत सिजन ला लिगामा ९५ गोल गर्दै सबैभन्दा आक्रामक टोली बनेको बार्सिलोनाले नयाँ सिजनको पहिलो खेलमै आफ्नो आक्रामक क्षमता पुनः प्रदर्शन गरेको छ। अदेयेमी र गोर्डनजस्ता नयाँ खेलाडीले पनि टोलीको आक्रमणलाई थप धारिलो बनाएका छन् ।

राफिन्हाका लागि भने यो प्रदर्शन विशेष रहेको थियो । बार्सिलोनाका लागि सबै प्रतियोगितामा उनले प्रहार गरेका नौवटै पेनाल्टी गोलमा परिणत गरेका छन् ।

एल्चेविरुद्ध उनले ३ गोल अवसर सिर्जना गर्नुका साथै आफ्ना तीनवटै प्रहार लक्ष्यमा राखेको थियो । बार्सिलोनाले एल्चेविरुद्ध ला लिगामा लगातार ११औं जित हात पारेको छ ।

# नयाँ उद्योगलाई सहज हुने कानुनी प्रबन्ध मिलाइनुपर्छः सांसद अग्रवाल



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद पुनमकुमारी अग्रवालले विशेष आर्थिक क्षेत्रबाट उद्योग बाहिरिने र नयाँ उद्योग स्थापना गरिँदा हुने आर्थिक तथा भौतिक क्षति न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको विशेष समयमा भाग लिँदै उहाँले विशेष आर्थिक क्षेत्रमा उद्योग सञ्चालन गर्न ठूलो लगानी गर्नुपर्ने भएकाले कुनै कारणले उद्योग सफल नभएमा भू-वहाल सम्झौता अन्त्य गरी सहजरुपमा बाहिरिने सक्ने कानुनी वातावरण बनाइनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अग्रवालले भन्नुभयो, "सम्झौता अन्त्य भएसँगै त्यहाँका भौतिक संरचना व्यवस्थापन गर्ने सिलसिलामा महत्त्वपूर्ण मेसिन लगायतका औजार कवाडीको मूल्यमा बिक्री गर्नुपर्ने अवस्था छ भने अर्कातर्फ नयाँ उद्योग स्थापनामा लामो समय र ठूलो रकम खर्च हुने गरेको छ ।"

त्यस्तो परिस्थितिमा उद्योगका भौतिक संरचना नभत्काइ प्लट लिन इच्छुक नयाँ उद्योगलाई उपलब्ध गराउन सकिने कानुनी व्यवस्था मिलाउन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसबाट विशेष आर्थिक क्षेत्र छाड्ने उद्योगले आफ्ना भौतिक संरचना कबाडका रूपमा बिक्री गर्नुपर्ने बाध्यता हट्ने र थप आर्थिक भारबाट जोगिन सक्ने उहाँको भनाइ छ ।

सांसद अग्रवालले नयाँ उद्योगलाई तयार संरचना उपलब्ध हुँदा संरचना निर्माणमा लाग्ने समय र अतिरिक्त खर्च बचत हुनेतर्फ सरकारको ध्यान जान आवश्यक रहेको बताउनुभयो । रासस

## गृहिणीदेखि उद्यमीसम्म :

# मधेसमा बढ्दै महिला सहभागिता



जनकपुरधाम । धनुषाधाम नगरपालिका-४ अम्बिका श्रेष्ठ यतिबेला गाउँ नजिकैको चौकमा जेनरल स्टोर्स सञ्चालन गरिहरनुभएको छ ।

गत वर्षको असोजमा घरेलु तथा साना उद्योग कार्यालय धनुषामा जेनरल स्टोर्स दर्ता गराउनुभएकी उहाँ यतिबेला असल गृहिणीसँगै सफल व्यापारी बन्ने अभियानमा हुनुहुन्छ । प्रारम्भमा श्रीमान्लाई सञ्चालक बनाएर जेनरल स्टोर्स दर्ता गराउने सोच बनाउनुभएकी श्रेष्ठले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा जेनरल स्टोर्स दर्ता गराउनुभयो ।

विगत घरकै काममा मात्र सीमित धनुषाकै सहिद नगरपालिका-५ की सुनिता साह यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर यदुकाहा बजारमा व्यवसायी गर्दै आउनुभएको छ । सुनिता र अम्बिका मात्रै होइनन्, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई सहुलियत दिएपछि मधेस प्रदेशका जिल्लामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढ्दै गएको छ ।

कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको मधेश प्रदेशमा केही समय यता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको हो । सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा ३५ प्रतिशत मात्र दस्तुत लाग्ने व्यवस्था गरेपछि महिलालाई सञ्चालक बनाएर उद्योग व्यापार दर्त्ता गराउने क्रम बढ्केको घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख सन्तोषकुमार साहले बताउनुभयो ।

हाल दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेकोमा करिब ७० प्रतिशत उद्योग व्यापार व्यवसाय महिलाकै नाममा दर्ता हुने गरेको प्रमुख साहको भनाइ छ । महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्यूटी पार्लर रहेका छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन बढी रहेको छ ।

मधेस प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका आठवटै जिल्लाका चार हजार ८७८ महिलाले रोजगारी पाएका छन् । त्यसमध्ये सबैभन्दा बढी बारामा एक हजार ४७३, पर्सामा एक हजार २२७, रौतहटमा ३८५, सर्लाहीमा ५७५, महोत्तरीमा ३७५, सप्तरीमा ३६३, धनुषामा ३४४ र सिरहामा १३६ जना महिलाले रोजगारी पाएको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ । सो अवधिमा पर्सामा एक हजार १०१, धनुषामा ७७७, बारामा ६३९, सर्लाहीमा ६३६, सिरहामा ५५४, रौतहटमा ५३३, महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्ता भएकोछ । गत आव २०८२/८३ मा यस प्रदेशमा सात हजार ५४० वटा उद्योगको नवीकरण भएको छ ।

गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १२२ र साझेदारी फर्म १८ वटा नयाँ दर्ता हुँदा ११ हजार १४४ वटा नवीकरण भएको छ ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायत शीर्षकबाट रु पाँच करोड २६ लाख ४९ हजार ५६२ राजस्व सङ्कलन भएको छ । सरकारले महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुतमा छुट दिनु, स्थानीय प्रशासनले उद्योग व्यवसायी दर्ताका लागि कडाई गर्नु र बैंक तथा बित्तिय संस्थाहरुबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुन सक्नेलगायत कारण घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढ्केको घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका प्रमुख पवन पजियारको भनाइ छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष अम्बू साहले भन्नुभयो, "पछिल्लो समय महिलालाई उद्योग व्यापारको मालिका बनाउन थालिएको छ, यो सकारात्मक कुरा हो ।" उद्योग व्यवसाय सञ्चालनमा महिलाको सहभागिता बढ्दै जाँदा महिलालाई सशक्तीकरणका माध्यमबाट समाज रुपान्तरणमा योगदान पुगेको उहाँको भनाइ छ । रासस

# पर्यटन प्रवर्द्धन गर्न सातबुँदे घोषणापत्र जारी



बाँके । पर्यटन व्यवसायीले नेपालगन्ज-पोखरा, नेपालगन्ज-जनकपुरलगायत सम्भावित नयाँ हवाई गन्तव्यलाई जोडेर नियमित तथा प्रभावकारी उडान गर्न आग्रह गरेका छन् ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँके च्याप्टरले आफ्नो सातौँ स्थापना दिवसका अवसरमा सातबुँदे घोषणापत्र जारी गर्दै यसबाट यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ ।

नेपालगन्ज विमानस्थललाई पश्चिम नेपालको प्रमुख पर्यटन प्रवेशद्वारका रूपमा विकास गर्न सम्बन्धित सरकारी निकाय, विमान सेवा प्रदायक तथा निजी क्षेत्रसँग निरन्तर समन्वय गरिने उल्लेख गर्दै बाँके तथा आसपासका धार्मिक गन्तव्यलाई एकापसमा जोडेर धार्मिक पर्यटन सर्किट विकास गरिने घोषणपत्रमा जनाइएको छ ।

बागेश्वरी-बाबा बर्फानी-सन्तानेश्वर-गोवर्द्धनधाम-भुवरभवानीलगायतका गन्तव्यलाई एउटै पर्यटन प्याकेजमा आबद्ध गर्दै कैलाश मानसरोवर, लुम्बिनी, रारा तथा अन्य प्रमुख धार्मिक तथा आध्यात्मिक गन्तव्यसँग नेपालगञ्जलाई जोड्ने अभियान सञ्चालनका लागि पहल गरिने उल्लेख छ ।

भारतीय पर्यटकलाई लक्षित गर्दै रुपैडिहा नाकासम्म सहज आवागमन, पर्यटकमैत्री सीमा व्यवस्थापन, ग्रिन लाइन तथा स्मार्ट बोर्डर अवधारणाका लागि सम्बन्धित निकायसँग सहकार्यमा जोड दिँदै च्याप्टरले धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको अपार सम्भावना बोकेको बाँके-बर्दियालाई लुम्बिनी प्रदेश तथा कर्णाली र सुदूरपश्चिमका प्रमुख गन्तव्यसँग जोड्दै पर्यटनलाई स्थानीय अर्थतन्त्र, रोजगारी र समृद्धिको आधार बनाउने उद्देश्य राखिएको छ ।

नाट्टा बाँके च्याप्टरका अध्यक्ष डिल्लीराज रेग्मीले भन्नुभयो, "हामीले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि नयाँ अवधारणा अघि सारेका छौँ, यसले यहाँको बजारलाई गति दिने छ ।"

उहाँले भारतीय पर्यटकलाई आकर्षण गर्न, नयाँ पर्यटन प्याकेज निर्माण, 'डिजिटल' प्रचार-प्रसार, पर्यटन व्यवसायीको क्षमता अभिवृद्धि तथा सरकारी, निजी र समुदायबीच सहकार्यलाई प्राथमिकतामा राख्दै च्याप्टरले सातबुँदे प्रतिबद्धता घोषणा जारी गरेको उल्लेख गर्नुभयो ।

पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुर्‍याउन डिजिटल माध्यमको प्रभावकारी उपयोग गरिने भन्दै नाट्टाले सामाजिक सञ्जाल, डिजिटल सामग्री, दृश्य सामग्री तथा आधुनिक प्रचार प्रणालीमार्फत पर्यटन गन्तव्यको 'ब्रान्डिङ' र बजार विस्तार गरिने जनाएको छ ।

विशेषगरी नेपाल-भारत सीमाबाट भित्रिने भारतीय तथा अन्य पर्यटकलाई लक्षित गरी सीमा क्षेत्र पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिने जानकारी दिँदै सहज सूचना, पहुँच, सेवा र पर्यटनमैत्री वातावरण निर्माणका लागि सम्बन्धित निकायसँग सहकार्य गरिने अध्यक्ष रेग्मीले बताउनुभयो ।

पर्यटन गन्तव्यको विकासदेखि प्रचार-प्रसार, पूर्वाधार, सेवा, बजार विस्तार र व्यावसायिक अवसर सिर्जनासम्म स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितालाई सुनिश्चित गर्दै 'साझेदारीमा पर्यटन, पर्यटनबाट समृद्धि'को अभियान अघि बढाइने पनि घोषणापत्रमा उल्लेख गरिएको छ । रासस

# राप्ती आँखा अस्पतालमा एक वर्षमा १४ हजार जनाको मोतियाविन्दुको शल्यक्रिया



दाङ । तुलसीपुर उपमहानगरपालिका-११ का ४८ वर्षीया शारदा चौधरीले १३ वर्षअघि गुमाएको दुवै आँखाको दृष्टि गत पुसमा पुनःप्राप्त गर्नुभयो ।

चेतनाको कमी र आर्थिक अभावका कारण समयमै अस्पताल जान नसक्दा उहाँले यसबीचमा निकै कष्ट भोग्नुपरेको थियो । पुनःदृष्टि प्राप्त भएसँगै जीवनमा अर्को नयाँ अनुभूति भएको उहाँको प्रतिक्रिया छ । चौधरीले भन्नुभयो, "आँखा देख्न नसक्दा धेरै पिँडा भोगेको थिएँ, तर अहिले धेरै खुसी छु ।" यद्यपि चौधरीलाई घर परिवारले भने उचित हेरचाह गरेका थिए ।

आँखाको उपचार गरी ज्योति दिलाउने चिकित्सक भगवान रुपी मानवको सङ्ज्ञा दिँदै उहाँले भक्कानिँदै हृदयदेखि धन्यवाद ज्ञापन गर्नुभयो । आँखाको ज्योति गुमाउन साथ अस्पताल जानुपर्नेमा पीडित चौधरी परिवारको सल्लाहअनुसार गाउँमै झारफुकमा समय बेतित गर्नुभयो । उहाँले भन्नुभयो, "अस्पतालमा लगेको भए सुरुमै रोग पत्ता लाग्ने रहेछ, यतिका वर्ष घरमै दुःख कष्टमा बिताउनुभयो ।" गत वर्ष गाउँका अगुवा बुद्धिजीवीले पति कर्णबहादुर चौधरीलाई राप्ती आँखा अस्पताल रक्षाचौर लगेर आँखाको उपचार गर्न सुझाव दिनुभएको थियो ।

गाउँका अगुवाले त्यसका लागि पैसा चाहिएमा सहयोग उठाउनेसमेत आश्वासन दिएपछि चौधरीको उपचार प्रक्रिया अघि बढेको थियो । त्यस क्रममा विशेषज्ञले गरेको नेत्र परीक्षणमा दुवै आँखामा छिप्पिएको मोतिबिन्दु पहिचान भएको पाइएको थियो । घरको कमजोर आर्थिक थाहा पाएपछि अस्पताले एनएविपी नर्वेको आर्थिक सहयोग र राप्ती आँखा अस्पतालको प्राविधिक सहयोगमा निःशुल्क शल्यक्रिया गरिएको थियो ।

त्यस्तै जन्मजात बोल्न नसक्ने सोही उपमहानगरपालिका-७ का ६४ वर्षीय ठगी दमाईले पनि १० वर्ष पहिले गुमाएको आँखाको दृष्टि अहिले प्राप्त गर्नुभएको छ । सानै उमेरमा अभिभावक गुमाएपछि अप्ठ्यारो परिस्थितिमा रहनुभएका उहाँ प्युठानमा दिदीको घरमा बस्दै आउनुभएको थियो । उहाँलाई आँखा परीक्षणका लागि छिमेकीले अस्पतालमा जान सल्लाह दिएपछि गत माघ ७ गते राप्ती आँखाका अस्पताल जानुभयो । त्यहाँ उहाँको आँखामा मोतियाविन्दुको समस्या देखिएको छ । चिकित्सकले भोलि पल्टनै आँखाका शल्यक्रिया गरी पुनःदुवै आँखा देख्न सक्ने हुनुभयो ।

दमाइको घरायसी आर्थिक अवस्था कमजोर देखेपछि अस्पताल प्रशासनले निःशुल्क शल्यक्रियाको व्यवस्था गरेको थियो । चौधरी र दमाइका साथै उक्त अस्पतालले हालसम्म १४ हजारभन्दा बढीको मोतियाविन्दुको शल्यक्रिया गरिसकेको छ ।

नेपाल नेत्रज्योति सङ्घ, आँखा स्वास्थ्य कार्यक्रमअन्तर्गत राप्ती आँखा अस्पतालअन्तर्गत सञ्चालित अस्पतालले वार्षिक रुपमा तीन लाखभन्दा बढी सेवाग्राहीको आँखा परीक्षण गरिसकेको छ । उक्त अस्पतालले गएको आर्थिक वर्षमा १४ हजार ४७७ जनाको मोतिविन्दु र तीन हजार ६५५ जनाको अन्य शल्यक्रिया गरेको अस्पतालका सूचना अधिकारी बालाराम खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार, निःशुल्क आँखा शिविर, आँखा जाँच कार्यक्रममार्फत ९७ हजार ६६९ जनालाई निःशुल्क परीक्षण र चार हजार ९१८ जनाको अस्पतालले निःशुल्क मोतिविन्दुको शल्यक्रिया प्रदान गरेको छ । अस्पतालको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा अस्पताल र विभिन्न उपचार केन्द्रमार्फत दुई लाख ४० हजार २५९ जनाको आँखा तथा १४ हजार ४७७ जनाको कानको उपचार सेवा दिइएको छ । त्यस्तै ७५ हजार ९५५ जनाको चस्मा जाँच गरेकामा ३९ हजार ५८६ जनालाई चस्मा लगाउन अस्पतालले सिफारिस गरेको छ ।रासस

# बहुप्रतिक्षित राहुघाट जलविद्युत् आयोजना निर्माण सम्पन्न : विद्युत उत्पादन परीक्षण जारी



म्याग्दी । म्याग्दीको बहुप्रतिक्षित राहुघाट जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ । नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको भौतिक निर्माण र उपकरण जडानको काम सकिएको हो ।

रघुगंगा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले राहुघाट जलविद्युत् आयोजना विद्युत् उत्पादनको तयारीमा रहेको जानकारी दिनुभयो । "बाँध, डिसेन्डर, सुरुङ, स्विचयार्डको परीक्षण सफल भइसकेको छ," उहाँले भन्नुभयो "२० मेगावाट क्षमताको एक वटा 'युनिट'को परीक्षण पनि सकिएको छ । अर्को २० मेगावाटको युनिटको पनि आइतबारदेखि परीक्षण थालिएको छ ।"

एक हप्तादेखि १० दिनसम्म परीक्षण गर्न लाग्ने र त्यसपछि विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यसहित तीव्र गतिकाब साथ काम भइरहेको प्रबन्धक केसीले जानकारी दिनुभयो । रघुगङ्गा -४ दग्नाम र वडा नं ५ झिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र दुई पानी थिग्र्याउने पोखरीको परीक्षण भइसकेको छ ।

तिल्केनीचौरमा विद्युत्गृह निर्माणको काम सकेर जडान भएका उपकरणहरुको परीक्षण थालिएको हो । आयोजनाबाट उत्पादित विद्युत्लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि विद्युत्गृह परिसरमा निर्माण भएको स्विचयार्ड गत जेठ २५ गतेदेखि सञ्चालनमा आएको छ ।

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोबेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो ।

चौथो पटक थपिएको समयभित्र आयोजना सम्पन्न हुन लागेको हो । कोरोना महामारी, बाढी, पहिरो जस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो ।

भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल) सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता भएको थियो । भारतीय आयात निर्यात (एक्जिम) बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्र्याक्ट (इपिसी) प्रारुपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो । आइभिआरसिएलसँग विसं २०६६ मा ठेक्का सम्झौता भएको थियो ।

म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठका अनुसार जिल्लामा सबैभन्दा पहिले र सरकारी लगानीमा सञ्चालन भएको राहुघाटलाई जलविद्युत् विकासको 'गेटवे' (प्रवेशविन्दु) मानिएको थियो । "राहुघाट सुरु भएपछि म्याग्दीमा भित्रिएका १० वटा आयोजना सम्पन्न भइसकेको छन्," उहाँले भन्नुभयो, "ढिलै भए पनि दुई दशकको प्रतीक्षापछि राहुघाट जलविद्युत् आयोजना सम्पन्न भएको खबरले हामीलाई उत्साहित बनाएको छ ।"

पछिल्लो पटक छनौट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो । यस आयोजनाले वार्षिक रु २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो ।रासस

# सांसद सुब्बाद्वारा ग्रामीण चक्रीय अर्थतन्त्रमा जोड

काठमाण्डु । प्रतिनिधिसभाका सदस्य सन्तोष सुब्बाले कृषि क्षेत्रको बजेट कटौतीप्रति असहमति जनाउनुभएको छ ।

प्रतिनिधिसभाको आजको विशेष समयमा भाग लिँदै उहाँले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने गरी सरकारको नीति तथा कार्यक्रम पुनःविचार गरिनुपर्ने धारणा राख्नुभयो । कृषि क्षेत्रमा लगानी बढाउनुपर्नेमा मन्त्रालयकै बजेट घटाइनु नीतिगत असन्तुलन भएको जनाउँदै सांसद सुब्बाले आर्थिक रूपमा सक्रिय जनशक्तिको ठूलो हिस्सा कृषि, वन तथा मत्स्य क्षेत्रमा संलग्न रहेकाले त्यसरी बजेट विनियोजन गरिनु नहुने तर्क प्रस्तुत गर्नुभयो ।

उहाँले कृषि क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा करिब एक चौथाइ योगदान दिइरहेको अवस्थामा बजेट कटौतीले किसान, उत्पादन र ग्रामीण अर्थतन्त्रमा प्रतिकूल असर पार्ने उहाँको भनाइ छ ।

सांसद सुब्बाले भन्नुभयो, "कृषिमा विनियोजित बजेटको ठूलो हिस्सा प्रशासनिक संरचना र रासायनिक मलमा खर्च हुने गरेको छ । उत्पादन तथा उत्पादकत्व वृद्धि, भण्डारण, प्रशोधन र दीर्घकालीन पूर्वाधारमा अपेक्षित लगानी हुन सकेको छैन ।"

उहाँले सरकारको नीति तथा प्राथमिकतामा 'चक्रीय सहरी अर्थतन्त्र' प्रवर्द्धन गर्ने विषय उल्लेख भए पनि पर्याप्त रूपमा नसमेटिएको भनी गुनासो गर्नुभयो । "चक्रीय सहरी अर्थतन्त्र प्रवर्द्धन गर्ने कुरा राम्रो छ, तर चक्रीय ग्रामीण अर्थतन्त्रको कुरा कहीँ उल्लेख छैन", सांसद सुब्बाले भन्नुभयो, "यसले हामीलाई कहाँ पुर्याउँदैछ भन्ने विषयमा सरकारले समयमै सचेत भएर पुनःविचार गर्नुपर्छ ।"

ग्रामीण क्षेत्रमा रोजगारी र आर्थिक अवसरको अभावका कारण विशेष गरी हिमाली तथा पहाडी क्षेत्रबाट बसाइँसराइ बढिरहेको उल्लेख गर्दै उहाँले बसाइँसराइको समस्यालाई कृषि, शिक्षा, स्वास्थ्य र स्थानीय अर्थतन्त्रसँग जोडेर हेर्नुपर्ने बताउनुभयो । रासस

# नगरपालिकाले पक्षपात गरेर घर भत्कायो



**टुडे समाचारदाता**

लहान । सिरहाको लहान नगरपालिकाले विकास निर्माण गर्ने भन्दै नयाँ बजार क्षेत्रमा रहेका सात वटा घरटहरा डोजर लगाएर भत्काएको छ।

नगरपालिकाले पटकपटक सूचना जारी गर्दा पनि संरचना खाली नगरेपछि डोजर चलाएर हटाइएको जनाएको छ । नगरपालिकाले वडा नम्बर-५ स्थित लहान बजार (गुदरी हटिया) क्षेत्रमा रहेका घरटहरा तीन दिनभित्र खाली गर्न सूचना जारी गरेको थियो।

विकास निर्माणका लागि संरचना हटाउनुपर्ने भन्दै नगरपालिकाले व्यापारीलाई घरटहरा तथा पसलका सामान हटाएर सहयोग गर्न आग्रह गरेको थियो ।

तर, व्यापारीहरूले भने नगरपालिकाले आफूहरूमाथि पक्षपात गरेको आरोप लगाएका छन् । बजारमा करिब दुई सयभन्दा बढी घरटहरा रहे पनि सात वटा संरचना मात्रै भत्काइएको भन्दै उनीहरूले प्रश्न उठाएका हुन् ।

नयाँ बजारका व्यापारी रामसुन्दर साहका अनुसार नगरपालिकाको सूचना पाएपछि आफूहरू घरटहरा खाली गर्ने तयारीमा थिए । तर, बजार समिति र व्यापारीसँग थप छलफल नगरी बिहानै डोजर ल्याएर संरचना भत्काइएको उनको भनाइ छ ।

व्यापारी सरस्वतीदेवी नायकले आफू तीन दशकभन्दा बढी समयदेखि सोही क्षेत्रमा व्यापार गर्दै आएको बताउँदै डोजरका कारण घरभित्र रहेका सामानमा ठूलो क्षति पुगेको गुनासो गरिन् । उनले क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन माग गरेकी छन् ।

नयाँ बजार समितिका अध्यक्ष भोला रायले पनि नगरपालिकाले बजार समितिसँग समन्वय नगरी संरचना भत्काएको बताएका छन् । उनका अनुसार बजार व्यवस्थापनका लागि घरटहरा हटाउने विषयमा यसअघि नै छलफल भएको थियो । तर, व्यापारीसँग छलफलका लागि बैठक बस्नुअघि नै डोजर चलाइएको उनले बताए ।

संरचना भत्काउने क्रममा विरोध गर्ने केही व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको र बजारमा टायर बालेर प्रदर्शनसमेत भएको बजार समितिले जनाएको छ । समितिले भत्काइएका संरचनाबाट भएको क्षतिको विवरण संकलन गरी क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा पहल गर्ने जनाएको छ ।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले भने संरचना हटाउने काममा कुनै पक्षपात नभएको दाबी गरेका छन् । नगरपालिकाको करिब दुई बिघा जग्गामा तीन वटा नयाँ भवन निर्माण भइरहेको र ती भवनमा ७२ वटा कोठा बनाएर नयाँ बजारका व्यापारीलाई व्यवस्थापन गर्ने योजना रहेको उनले बताए ।

पुराना संरचना हटाउन पटकपटक सूचना जारी गरे पनि अटेर गरिएपछि अन्तिम विकल्पका रूपमा डोजर प्रयोग गरिएको नगर प्रमुख चौधरीको भनाइ छ । बजारमा रहेका सबै अवैध तथा पुराना संरचना क्रमशः हटाइने उनले बताए । सात वटा संरचना मात्रै किन भत्काइएको भन्ने प्रश्नमा उनले आवश्यक प्रक्रिया पूरा गर्दै बाँकी संरचना पनि हटाइने बताएका छन् ।

## औषधिको मूल्य बढ्यो

# उपचारबाट वञ्चित हुँदै आम नेपाली, राज्यको दायित्वमाथि गम्भीर प्रश्न

पश्चिम एसियाको युद्धलगायत अन्तर्राष्ट्रिय कारणले कच्चा पदार्थको मूल्य बढेको र सरकारले वर्षौंअघि निर्धारण गरेको मूल्य समायोजन नगरेका कारण आपूर्तिकर्ताले पुरानो मूल्यमा औषधि उपलब्ध गराउन नसकेको बताइएको छ । समस्या समाधान गर्न औषधि व्यवस्था विभागले मूल्य समायोजनको तयारी गरिरहेको भए पनि निर्णय प्रक्रियामा भएको ढिलाइको प्रत्यक्ष भार बिरामीमाथि परेको छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य मानव जीवनको आधारभूत आवश्यकतासंगै बाँच्न पाउने मौलिक हकसंग प्रत्यक्ष जोडिएको विषय हो । राज्यले आफ्ना नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य तथा आवासजस्ता आधारभूत आवश्यकताको सुनिश्चितता गर्नुपर्ने हुन्छ । तर नेपालमा सामान्यदेखि क्यान्सर उपचारमा अत्यावश्यक औषधिको अभाव र त्यसको चर्को मूल्यवृद्धिले राज्यको स्वास्थ्यसम्बन्धी दायित्वमाथि नै गम्भीर प्रश्न खडा गरेको छ।

चितवनस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका फार्मेसीमा कार्बोप्लाटिन, सिस्प्लाटिन र अक्सालिप्लाटिनजस्ता अत्यावश्यक किमोथेरापी औषधि लामो समयदेखि अभाव छन् । सरकारी मूल्यमा औषधि उपलब्ध हुन नसक्दा बिरामीका आफन्त निजी बजारमा महँगो मूल्य तिरेर औषधि किन्न बाध्य छन् । कुनै समय १ हजार ३ सय रुपैयाँ पर्ने १५० एमजीको कार्बोप्लाटिनलाई १५ हजार रुपैयाँसम्म तिर्नुपरेको घटनाले औषधि बजारको भयावह अवस्था देखाउँछ ।

पश्चिम एसियाको युद्धलगायत अन्तर ाष्ट्रिय कारणले कच्चा पदार्थको मूल्य बढेको र सरकारले वर्षौंअघि निर्धारण गरेको मूल्य समायोजन नगरेका कारण आपूर्तिकर्ताले पुरानो मूल्यमा औषधि उपलब्ध गराउन नसकेको बताइएको छ । समस्या समाधान गर्न औषधि व्यवस्था विभागले मूल्य समायोजनको तयारी गरिरहेको भए पनि निर्णय प्रक्रियामा भएको ढिलाइको प्रत्यक्ष भार बिरामीमाथि परेको छ ।




क्यान्सरजस्तो गम्भीर रोगको उपचार आफैंमा महँगो छ । त्यसमाथि सरकारी अस्पतालमै औषधि नपाएर बाहिरबाट चर्को मूल्यमा किन्नुपर्ने बाध्यताले गरिब, विपन्न, असहाय तथा सीमान्तकृत परिवारको आर्थिक अवस्था झन् कमजोर बनाएको छ ।

स्वास्थ्य बीमा भएका बिरामीले समेत तोकिएको सरकारी अस्पतालमा उपचार गराउँदा आफ्नै गोजीबाट महँगो औषधि खरिद गर्नुपरेको अवस्था राज्यको स्वास्थ्य नीति कति कमजोर छ भन्ने उदाहरण हो ।

नेपालमा क्यान्सरका औषधि उत्पादन नहुने र आयातमा निर्भर रहनुपर्ने अवस्थाले समस्या थप जटिल बनाएको छ । औषधिको अभावका कारण उपचार रोक्नुपर्ने वा चिकित्सकले सुझाएको पूर्ण उपचार पद्धतिअनुसार औषधि प्रयोग गर्न नसक्ने अवस्था आउनु गम्भीर मानवीय संकट हो । यसबीच बालेन्द्र साह नेतृत्वको सरकारले गरिब, निमुखा, दलित, सीमान्तकृत तथा आर्थिक रूपमा कमजोर नागरिकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने आवाज उठिरहेको छ । राज्यको नीति नागरिकबाट जन्मदेखि मृत्युसम्म विभिन्न शीर्षकमा कर उठाउनेतर्फ केन्द्रित हुने तर आधारभूत स्वास्थ्य उपचारसमेत सहज र सुलभ बनाउन नसक्ने हो भने त्यसको सामाजिक औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हो ।

किमोथेरापीमा प्रयोग हुने र क्यान्सरका लागि आवश्यक औषधि नेपालमा उत्पादन हुँदैन । औषधि उत्पादकहरूका अनुसार यस्ता औषधि उत्पादन गर्न महँगो प्रविधि चाहिन्छ । त्यो नभएकाले र उत्पादन लागतभन्दा बिक्री मूल्य कम भएकाले यस्ता औषधि उत्पालनमा उनीहरूलाई खासै रुची छैन ।

'तीन महिनाअघिको जस्तो अवस्थाचाहिँ छैन तर अहिले पनि सरकारी मूल्यमा औषधि नपाइने कुरा साँचो हो,' नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठले भने । 'समयमै मूल्य समायोजन गरिदिएको भए बिरामीहरू जति पनि मूल्य तिर्न बाध्य हुनु पर्दैनथ्यो ।'

होलोग्राम नभएका, शील तोडिएका वा लेबल च्यातिएका औषधिसमेत बिरामीका आफन्तले खरिद गरेर ल्याउने गरेको स्वास्थ्यकर्मीको भनाइ झन् चिन्ताजनक छ।

यता औषधि व्यवस्था विभागले क्यान्सर लगायतका औषधिको मूल्य समायोजनका लागि गृहकार्य जारी रहेको र छिट्टै प्रस्ताव तयार गरेर मन्त्रालयमा पठाइने प्रतिक्रिया दिएको छ। नेपालमा क्यान्सरका बिरामीको यकिन तथ्यांक छैन। विभागकी सूचना अधिकारी सचिता जोशीले भनिन्, 'औषधि सल्लाहकार समितिको बैठक फेरि बसेर मूल्य समायोजन प्रस्तावलाई अन्तिम रूप दिन काम गर्दै छौं ।' उनले अघि थप्दैं भनिन्, 'पुरानै मूल्यमा औषधि आपूर्ति हुन नसक्ने र मूल्य समायोजन गर्दा पनि सबै कुरा ध्यानमा राख्नुपर्ने हुँदा केही समय लागेको हो ।'

तर ग्लोबल क्यान्सर अब्जर्भेटरीको अनुमान अनुसार नेपालमा हरेक वर्ष २२ हजारभन्दा बढी नयाँ क्यान्सरका बिरामी थपिन्छन् । वर्षेनि १४ हजार जनाको मृत्यु हुन्छ । अनुमानित ६० प्रतिशत क्यान्सर बिरामीले किमोथेरापी गराउने गरेका छन् । पछिल्लो समय बिरामीको संख्या उल्लेख्य बढेको चिकित्सकहरू बताउँछन् ।

# गरिमा हत्या प्रकरणमा थप एक पक्राउ

**टुडे समाचारदाता**

बारा । बाराको जितपुर सिमरा उपमहानगरपालिकाकी बालिका गरिमा चौधरीको हत्या प्रकरणमा प्रहरीले थप एक बालकालाई पक्राउ गरेको छ।

जितपुरसिमरा-२ का कक्षा ९ मा अध्ययनरत १४ वर्षीय प्रदीप खड्कालाई आइतबार साँझ पक्राउ गरिएको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ। उनलाई जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार यसअघि पक्राउ परेका सुमन थापाले बयानका क्रममा खड्काको समेत घटनामा संलग्नता रहेको बताएपछि उनलाई पक्राउ गरिएको हो। खड्काको पक्राउसँगै गरिमा हत्या प्रकरणमा पक्राउ पर्नेको संख्या ८ पुगेको छ। गरिमाको परिवारले पूरक जाहेरी दिएपछि प्रहरीले शनिबार थप पाँच जनालाई पक्राउ गरेको थियो।

यसअघि बालिकाको शव भेटिएपछि प्रहरीले सुमन थापा र प्रोग्रेस चौधरीलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा प्राप्त विवरणका आधारमा अन्य व्यक्तिहरूलाई समेत पक्राउ गरिएको प्रहरीले जनाएको छ। घटनामा पक्राउ परेका अन्य व्यक्तिहरूको पहिचान प्रहरीले सार्वजनिक गरेको छैन। प्रहरीले घटनाको थप अनुसन्धान जारी रहेको जनाएको छ।

# मधेशमा महिलाभन्दा बढी बालिका असुरक्षित, ३३१ बालिका बलात्कृत

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको बारा जिल्लाको जीतपुर सिमराकी बालिका गरिमा चौधरीको घटना सेलाउन नपाउँदै आइतवार सप्तरीमा एक तीन वर्षीया बालिका मृत फेला परेकी थिइन्।

मधेश प्रदेशमा बालिका बलात्कार घटनाको डरलाग्दो अवस्थाले महिलाभन्दा बढी बालिका बलात्कार र यौनजन्य दुर्व्यवहारको शिकार भइरहेको तथ्यांकले देखाउँछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सार्वजनिक गरेको नेपाल मानवअधिकार वर्ष पुस्तकको तथ्यांक अनुसार वर्ष सन् २०२३ देखि सन् २०२५ सम्म ३३१ कुल ६३० बलात्कारको घटनामा बलिका ३३१ र महिला २९९ जना पिडीत भएकी छिन्।



तथ्यांक अनुसार बालिका बलात्कारको घटना सन् २०२५ मा १०१, सन् २०२४ मा १३०, र सन् २०२३ मा एक सयवटा भएको हो। महिलातर्फ सन् २०२५ मा १२३, सन् २०२४ मा ९७ र सन् २०२३ मा ७९ वटा घटना भएको भएको हो।

गत तीन वर्षको तथ्यांकमा मधेशका जिल्ला मध्ये सबभन्दा बढी बालिका बलात्कार घटना सर्लाहीमा ६७ वटा घटना भएको हो। अन्य जिल्लाहरुमा सप्तरीमा ५५, सिरहामा ५३, धनुषामा २७, महोत्तरीमा २६, रौतहटमा २८, बारामा ३५ र पर्सामा ४० वटा भएको हो।

यसरी महिलातर्फ सबभन्दा बढी धनुषा जिल्लामा ९७ वटा बलात्कार घटना भएको हो। अन्य जिल्लातर्फ सप्तरीमा २९ वटा घटना भएको जसमध्ये सन् २०२५ मा एउटा पनि घटना भएको देखिदैन। सिरहामा ४३, महोत्तरीमा २५, सर्लाहीमा २४, रौतहटमा ३२, बारामा २२ र पर्सामा २७ वटान बलात्कार घटना रहेको इन्सेकको तथ्यांकमा उल्लेख छ।

उमेर नपुगेका खासगरी किशोरावास्थाको बालिका बढी बलात्कारको शिकार भइरहेको सरोकारवाला विज्ञहरुको भनाई छ। बालिका बलात्कार घटना बढनुको प्रमुख कारण सामाजिक सञ्जाल रहेका, नौतिकताको कमी, यौन शिक्षा र अभिभावकमा सचेतनाको आभावले बढेको सरोकारवालाहरु बताउँछन्।

बलात्कार घटनाको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरुका अनुसार तथ्यांकगत रुपमा हेर्दा सबभन्दा बढी १२/१३ वर्षदेखि १० वर्ष मुनिका बालिका बलात्कार घटनाको शिकार रहेकी छिन्। जसको प्रमुख कारण हो सामाजिक सञ्जाल। सामाजिक सञ्जालमा विभिन्न उत्तेक दृश्य हेर्ने, लागू पदार्थ सेवन, साथी बनाउने र शारिरीक सम्पर्कमा संलग्न हुने, अभिभावकको दबावपछि बलात्कार मुद्दा दर्ता लगायतका रहेको छ।

सामाजिक सञ्जालको बढी प्रयोग र दुरुपयोग, नौतिक शिक्षा र यौन शिक्षाको आभाव तथा अभिभावकमा अभिभावकत्वको कमीले बालिका बलात्कार घटना बढेको यस्तै मानवअधिकारकर्मी एवं अधिवक्ता रेखा झाको भनाई छ।

उनले भनिन् 'सामाजिक सञ्जाल अहिले निकै छाडा भइसकेको छ। पैसा कमाउने होडमा सामाजिक सञ्जालको विभिन्न प्लेटफार्ममा राखिएका कामुकता उत्तेजक दृश्यमा नियन्त्रण आवश्यक छ। यसले सामाजका बालबालिकामा निकै नाकारात्मक पारेर बलात्कार जस्ता घटनाको अवस्था पुरयाउँछ।

सामाज र परिवार के हो भन्ने नैतिकता हराउँदै गएको छ। यसका लागि नौतिक शिक्षा र गुड टच तथा बैड टच, उमेर समूहमा नपुगेपछिगरिएकोशारिरीकसम्पर्कले पार्ने असर बारे बालबालिकामा शिक्षा दिन आवश्यक छ। सबभन्दा महत्वपूर्ण अभिभावकमा अहिले अभिभावकत्व हराउँदै गएकाले पनि घटना बढेको उनको भनाई छ।

यस्तै इन्सकेका मधेश प्रदेश प्रतिनिधि एवं मानवअधिकारकर्मी राजु पासवानले विभिन्न सामाजिक सञ्जालको दुरुपयोग, प्रलोभनमा पर्नु, बालबालिका सम्बन्धी अन्तराष्ट्रिय कानूनको अवलम्बन नगर्नु र सामाजिकप्रतिष्ठाकोकारणलेबालिका बलात्कारको घटना तथ्यांकगत रुपमा बढी देखिएको बताउँछन्।

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, डयाम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८